# लेखापरीक्षण प्रतिवेदन

## कोल्हवी नगरपालिका, बारा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कोल्हवी नगरपालिका, बारा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**
**महालेखापरीक्षक**

**२०८३ वैशाख**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/58

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् नगर प्रमुखज्यू,

कोल्हवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

कोल्हवी, बारा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तर सरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्ययतर्फ रु. १ अर्ब ६६ करोड ५ लाख ५४ हजारको लेखापरीक्षणबाट रु. ३ करोड ३८ लाख २० हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभई असुल गर्नुपर्ने रु. १५ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २८ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २२ लाख ७५ हजार र पेश्की बाँकी रु. १ करोड ७० लाख ८७ हजार गरी जम्मा रु. ३ करोड ३८ लाख १९ बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ८५ करोड ०८ लाख ८२ हजार मध्ये रु. २३ लाख १० हजार फस्र्योट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. ८८ करोड २३ लाख ९२ हजार बाँकी रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९७ | ७६ | ३,३८,१९,९८० | ० | ० | ० | ० | ९७ | ७६ | ३,३८,१९,९८० | १५,६८,१०७ | १,२२,७५,०१२ | २८,८९,१९७ | ० | ० | १,५१,६४,२०९ | १,७०,८७,६६४ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कोल्हवी नगरपालिका, बारा | ८५,०८,८२,४६५ | ० | २३,१०,००० | ८४८५७२४६५ | ० | ३,३८,१९,९८० | ८८२३९२४४५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | २५ | यातायात सुविधा | २३,१०,००० |
| जम्मा | | | | २३,१०,००० |

# कोल्हवी नगरपालिका, बारा

# ( ८०२२१४०१३०० )

# कोल्हवी नगरपालिका , बारा

## परिचय

१ **परीचय**

**(क) कार्यालय परिचय :-** स्थानीय तहमा उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु नगरपालिकाको मुख्य उद्देश्य रहेको छ। स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवाप्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ११ वडा, क्षेत्रफल १५७ वर्ग कि मी तथा जनसंख्या ५११८२ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।६।२ देखि २०८२।६।५ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय — व्ययत रु.१ अर्व ६६ करोड ५ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२८२०००।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | कृषि अनुदान कार्यक्रममा किसानको सहभागिता न्युन देखिएको असुली | २८२००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) (संशोधन समेत) अनुसार पालिकाले आफ्नो कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) लाई अनुसूचीमा समावेश गरिएको छ। सो सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन। पालिकाबाट यो वर्ष भएका आर्थिक कारोवारको एकीकृत विवरण देहाय बमोजिम छन।

**आर्थिक कारोवारको एकीकृत विवरण**

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. सुरु मौज्दात | | २४८९६२८७.३७ | १. चालु खर्च | | ३३७४३८५३७.५९ |
| क) संचित कोष | १८१३८५९४.६७ | | क) पालिका तर्फ | १२३८५३०९४.९६ | |
| ख) धरौटी | ६६६०७६६.७० | | ख) संघीय सशर्त | २११०८९७४२.६३ | |
| ग) कार्यसञ्चालन कोष | ९६९२६.०० | | ग) प्रदेश विशेष | २४९५७००.०० | |
| | | | २. पुँजीगत खर्च | | २१०२९८९५०.७१ |
| २. आन्तरिक राजस्व | | | क) पालिका तर्फ | १६९७६९९२१.७१ | |
| क) आन्तरिक आय | ४८३६६७५८.२१ | १९४९०२६१४.९७ | ख) संघीय सशर्त | २0000000.00 | |
| ख) राजस्व बाँडफाँट (संघ) | ११३३१५२२०.४४ | | ग) संघीय समपुरक | ९०८३९१६.०० | |
| ग) राजस्व बाँडफाँट (प्रदेश) | २१३५७१७८.०० | | घ) प्रदेश सशर्त | ९४४५११३.०० | |
| घ) राजस्व बाँडफाँट स्थानीय मालपोत | ११८६३४५८.३२ | | ङ) प्रदेश समपुरक | २000000.00 | |
| ३. वित्तीय हस्तान्तरण (संघ) | | ३९६४९८१६१.०० | ३. अन्तर सरकारी अख्तियारी (संघ) | | २०५५६२९००.०० |
| क) समानीकरण अनुदान | १२५३४४१६०.०० | | क) सामाजिक सुरक्षा | १८१७१८४९१.०० | |
| ख) सशर्त अनुदान | २६२०६९२४१.०० | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३४४७२०६.०० | |
| ग) समपुरक अनुदान | ९०८४७६०.०० | | ग) रोजगार प्रवर्द्धन कार्यक्रम | १२०२०३.०० | |
| घ) विशेष अनुदान | | | घ) एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २०२७७०००.०० | |
| ४. वित्तीय हस्तान्तरण (प्रदेश) | | २४०७८७००.०० | ४. धरौटी फिर्ता तथा सदर स्याहा | २५७४२८३.०० | २५७४२८३.०० |
| क) समानीकरण अनुदान | १००८३०००.०० | | ५. कार्यसञ्चालन कोषबाट भएको खर्च | १७७७६८३४.०० | १७७७६८३४.०० |
| ग) सशर्त अनुदान | ९५00000.00 | | ६. अन्य कोषबाट भएको खर्च | ९९४८७५.०० | ९९४८७५.०० |
| घ) समपुरक अनुदान | २000000.00 | | ७. अनुदान फिर्ता | | ३१०३५२२९.३७ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) विशेष अनुदान | २४९५७००.०० | | क) सशर्त अनुदान (संघ) | ३०९७९४९८.३७ | |
| ५. अन्तर सरकारी अख्तियारी (संघ) | | २०५५६२९००.०० | ख) समपुरक अनुदान (संघ) | ८४४.०० | |
| क) सामाजिक सुरक्षा | १८१७१८४९१.०० | | ग) सशर्त अनुदान (प्रदेश) | ५४८८७.०० | |
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३४४७२०६.०० | | ८. अन्तिम मौज्दात | | ७४०८७३६४.४२ |
| ग) रोजगार प्रवर्द्धन कार्यक्रम | १२०२०३.०० | | क) संचित कोषको मौज्दात | ५४८४५३५२.९७ | |
| घ) एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २०२७७०००.०० | | ख) धरौटी | १६२१५३७६.९५ | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ०.०० | | ग) कार्यसञ्चालनकोष | २८२३५८१.५० | |
| ६. ऋण/ वित्तीय व्यवस्था | ०.०० | | घ) अन्यकोष | २०३०५३.०० | |
| ७. धरौटी आय | १२१२८८९३.२५ | १२१२८८९३.२५ | | | |
| ८. कार्यसञ्चालन कोष आय | २०५०३४८९.५० | २०५०३४८९.५० | | | |
| ९. अन्य कोषको आय | ११९७९२८.०० | ११९७९२८.०० | | | |
| जम्मा | ८७९७६८९७४.०९ | ८७९७६८९७४.०९ | ०.०० | ८७९७६८९७४.०९ | ८७९७६८९७४.०९ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ। पालिकाले अन्तरसरकारी अख्तियारी मार्फत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रू.३४४७२०६।००, समाजिक सुरक्षा तथा संरक्षण तर्फ रू.१८१७१८४९१।००, एकीकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम तर्फ २०२७७०००।०० र रोजगार प्रवर्द्धनतर्फ रू.१२०२०३।०० समेत रू.२०५५६२९००।०० प्राप्ति तथा खर्च भएकोमा सो रकमलाई वित्तीय विवरणमा समावेश गरेको छैन। पालिकाबाट भएका सबै कारोबारहरु वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाबाट प्राप्त वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७०(१) अनुसार गतवर्षको सबै कोषहरुको नगद तथा बैङ्क मौज्दात रु.२४८३६०८७।०० रहेकोमा यो वर्ष सुत्र प्रणाली मार्फत तयार गरिएको वित्तीय विवरण म.ले.प.फा.नं. २७०(१)मा शुरु मौज्दातको रुपमा रू.२४८९६२८७।०० जिम्मेवारी सारेको छ। जस अनुसार गत वर्ष सुत्र प्रणालीबाट सृजित जिम्मेवारी भन्दा बढी मौज्दात सारिएको रू.६०२००।०० सम्बन्धमा कार्यालयबाट यकिन गरी हिसाव पेश गर्नुपर्दछ।

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब

मिलान विवरण तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण स्रेस्ता अनुसारको मौज्दात(२७० को टिप्पणी ६.३) र बैङ्क स्टेटमेण्ट अनुसारको आर्थिक वर्षको अन्त्यमा देखिएको बैङ्क तथा नगद मौज्दात बीच निम्नानुसार रु.७३८२३८५।४९ फरक परेको देखियो। आर्थिक वर्षको अन्त्य अर्थात २०८२।३।३२ गतेको दिन स्रेस्ता र बैङ्क मौज्दात वीच फरक परेको छ। चेक मार्फत कारोवार भएको अवस्थामा नियमानुसार १५ दिन सम्म चेक भुक्तानीको अवधि रहने भएकोले यसरी वर्षान्तमा फरक परेको कार्यालयको प्रतिक्रिया रहेको छ। यस सम्बन्धमा बैङ्क हिसाव मिलान विवरण तयार गर्नुपर्दछ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दात रकम | स्रेस्ता अनुसार मौज्दात रकम(२०८२।३।३२) | बैङ्क स्टेटमेण्ट अनुसार मौज्दात (२०८२।३।३२) | फरक |
|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | १३२७००. | ०. | १३९००२२.२ | (१३९००२२.२) |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०. | ०. | ०. | ०. |
| ग १.३ | आन्तरिक अनुदान खाता | ०. | ०. | ०. | ०. |
| ग २.२ | चालु खर्च खाता जोर वर्ष | ०. | ०. | ४०५६०३४८.९१ | (४०५६०३४८.९१) |
| ग २.४ | पुँजीगत खर्च खाता जोर वर्ष | ०. | ०. | ७७९३८०.७३ | (७७९३८०.७३) |
| ग २.७ | विविध खर्च खाता | ९६९२६. | २८२३५८१.५ | २१३३५८१. | ६९००००.५ |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | ६६६०७६६.७ | १६२१५३७६.९५ | १६२१५३७६.९५ | ०. |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | १८००५८९४.६७ | ५४८४५३५२.९७ | २०१८७९८७.१२ | ३४६५७३६५.८५ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ०. | २०३०५३. | २०३०५३. | ०. |
| जम्मा | | २४८९६२८७.३७ | ७४०८७३६४.४२ | ८१४६९७४९.९१ | (७३८२३८५.४९) |

२.५ **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको बैङ्क स्टेटमेण्ट अनुसार यो वर्षको अन्त्यमा अर्थात २०८२।३।३२ गते निम्नानुसार खाताहरुमा रकम रहेको देखियो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२३ मा सरकारी चेक भुक्तानीको अवधि १५ दिन हुने आधारमा २०८२।४।१५ सम्म ट्रान्सफर नहुनु स्वभाविक देखिएता पनि सो अवधि भन्दा पछि सबै रकम संचित कोष ट्रान्सफर गर्नुपर्दछ। आर्थिक वर्षको अन्त्यमा ट्रान्सफर गर्न नसकेता पनि सोको करिव एक महिना पश्चात भाद्रको पहिलो हप्ता सम्म कोष कायम नै राख्नुपर्ने खाताहरु बाहेक अन्य खाताहरुको रकम स्थानीय संचित कोष खातामा ट्रान्सफर गरेको देखिएता पनि आन्तरिक राजस्व खातामा रहेको रकम लेखापरीक्षण भैरहेको अवस्थासम्म संचित कोष ट्रान्सफर गरेको देखिएन। कोष कायम हुनुपर्ने बाहेकका खातामा रहेका रकमहरु सञ्चित कोष ट्रान्सफर हुनुपर्दछ।

| संकेत | कोष खाता | बैङ्क स्टेटमेण्ट अनुसार मौज्दात(२०८२।३।३२) | आर्थिक वर्ष सामाप्ति पछिको मौज्दात | पछिल्लो मौज्दात देखिएको मिति |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | १३९००२२.२ | १८६४९११. | २०८२।५।३१ |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | | | ० |
| ग २.२ | चालु खर्च खाता जोर वर्ष | ४०५६०३४८.९१ | ० | २०८२।५।६ |
| ग २.४ | पुँजीगत खर्च खाता जोर वर्ष | ७७९३८०.७३ | ० | २०८२।५।६ |
| ग २.७ | विविध खर्च खाता | २१३३५८१. | २८२३५८१.५ | २०८२।५।८ |
| ग २.१ | स्थानीय तह धरौटी खाता | १६२१५३७६.९५ | १६२१५३७६.९५ | २०८२।३।३० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | २०१८७९८७.१२ | ५५१६२६३५.९५ | २०८२।५।६ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | २०३०५३. | २०३०५३. | २०८२।३।२३ |
| जम्मा | | ८१४६९७४९.९१ | ७६२६९५५८.४ | |

२.६ **खर्च बिश्लेषणः** पालिकाले यस वर्ष आन्तरिक आयबाट रू.४८३६६७५८।००, राजस्व बाँडफाँटबाट रू.१४६५३५८५६।३८, अनुदानबाट रू.४२०५७६८६१।०० समेत रू.६१५४७९४७५।०० प्राप्ती भएकोमा चालु तर्फ रु.३३७४३८५३८।०० र पुँजीगत तर्फ रू.२१०२९८९५१।०० समेत रु.५४७७३७४८८।०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ६१.६१ प्रतिशत चालु र ३८.३९ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। पालिकाले आफ्नो प्राथमिकताका क्षेत्रहरु निर्धारण गरी बजेट विनियोजन गर्नुपर्दछ।

२.७ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष पुँजिगत खर्च रू.२१ करोड २ लाख ९८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.२ करोड ३९ लाख २८ हजार अर्थात ११.४० प्रतिशत, दोस्रो त्रैमासिकमा रू.३ करोड ३ लाख ८७ हजार अर्थात १४.४० प्रतिशत, तेस्रो त्रैमासिकमा रू.४ करोड ६९ लाख ११ हजार अर्थात २२.३० प्रतिशत र चौथो त्रैमासिकमा रू.१० करोड ९० लाख ७२ हजार अर्थात ५१.९० प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू.८ करोड २५ लाख ९७ हजार अर्थात ३९.३० प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुलखर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २१०२९८९५० | २३९२८४४३ | ३०३८७१२३ | ४६९१११८१ | १०९०७२२०३ | ८२५९७१०३ |
| प्रतिशत | १०० | ११.४ | १४.४ | २२.३ | ५१.९ | ३९.३ |

२.८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी शिक्षामा ३२.१६ प्रतिशत र शान्ति सुरक्षामा सबै भन्दा घटी शुन्य खर्च भएको छ। पालिकाले आफ्नो आवधिक योजना अनुसार अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नुपर्दछ।

| | | | रू हजारमा | |
|---|---|---|---|---|
| क्र स | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | सामान्य सार्वजनिक सेवा | १७५९००. | १३५२४६. | २५.११ |
| २ | सार्वजनिक शान्ति सुरक्षा | १९५०. | ० | ० |
| ३ | आर्थिक मामिला | १७६७५६. | ९४५८५. | १७.५६ |
| ४ | वातावरण संरक्षण | ६७००. | ४४६०. | ०.८३ |
| ५ | आवास तथा सामुदायिक सुविधा | ७२३७५. | ५२४९१. | ९.७४ |
| ६ | स्वास्थ्य | ६९१२४. | ६१९८१. | ११.५१ |
| ७ | मनोरञ्जन संस्कृति | ८९४०. | ४९९०. | ०.९३ |
| ८ | शिक्षा | २१२६२७. | १७३२४१. | ३२.१६ |
| ९ | सामाजिक सुरक्षा | १४८६९. | ११६५९. | २.१६ |
| | जम्मा | ७३९२४१. | ५३८६५३. | १०० |

## ३ खर्चको प्रतिवद्दता लेखा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा सम्भावित दायित्व तथा प्रतिवद्धताको रुपमा क्रमागत तथा बहुवर्षीयत योजना र सिर्जित दायित्व समेत उल्लेख गरी स्रोत सहमति प्राप्त गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७८।७९ मा शुरुवात भएका तथा सम्पन्न हुन नसकेका विभिन्न ५ योजनाहरु तथा २०८०।८१ मा शुरूवात भएका तर सम्पन्न हुन नसकेका १५ योजनालाई क्रमागत योजनाको रुपमा कायम गरी यो वर्षको लागि रू.१ करोड ९३ लाख १५ हजार बजेटमा समावेश गरेकोमा सुत्रबाट सिर्जित आर्थिक वर्ष २०८०।८१ को वित्तीय विवरण म ले प फा न. २७० को टिप्पणी न. १४ (खर्चको प्रतिवद्धता)मा कुनै रकम प्रविष्टि गरेको देखिएन। लेखाङ्कन पद्धति तोकिए बमोजिम हुनुपर्दछ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ आन्तरिक लेखापरीक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को

दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले अन्तर सरकारी अख्तियारीबाट भएका खर्चको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्दै आएको भएता पनि अन्य आय व्ययको आन्तरिक लेखापरीक्षण अन्तिम लेखापरीक्षण भैरहेको मितिसम्म गरेको देखिएन। पालिकाको आन्तरिक लेखापरीक्षण शाखामा कर्मचारी नरहेकोले आन्तरिक लेखापरीक्षण नभएको जानकारी प्राप्त भयो। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

४.२ **आन्तरिक नियन्त्रण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणालीको परीक्षण सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो किसिमको कार्यविधि बनाएको देखिएन।
- मधेश प्रदेश स्थानीय सेवा सञ्चालन तथा गठन ऐन, २०८१ को दफा ५ मा प्रत्येक कर्मचारीको काम, कर्तव्य र अधिकार सम्बन्धमा तोकिए बमोजिम कार्य विवरण बनाई लाग" गर्नु पर्नेमा सो गरेको पाइएन।
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा सो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो,
- पालिकाले भ्रमण अभिलेख खाता राखेको देखिएन।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा सो संयन्त्र तयार गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेको देखिएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवाप्रवाह सुदृढ बनाउनु पर्दछ।

## ५ नियमावलीको पालना

कोल्हवी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को दफा १३३ र १३३क मा खरिद सम्झौताको म्याद थप गर्ने अधिकार बोलपत्र स्वीकृत गर्ने अधिकारीलाई तोकिएको छ। त्यसै गरी यसै नियमावलीमा १५ प्रतिशत सम्म भेरिएसन स्वीकृत गर्ने अधिकार नगर प्रमुखलाई रहेको छ। तर पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार खरिद सम्बन्धी निर्णय निम्नानुसार पदाधिकारीबाट भएको देखिएकोले पालिकाको आफ्नो नियमावलीमा भएको व्यवस्था अनुसार मिलेको देखिएन। कानूनमा तोकिएको पदाधिकारीबाट निर्णय हुनुपर्दछ।

| क्र स | विवरण | नियमावलीमा उल्लिखित आधिकारिक पदाधिकारी | निर्णय गर्ने पदाधिकारी |
|---|---|---|---|
| १ | १५ सैयाको अस्पताल निर्माण कार्यको खरिद सम्झौताको म्याद थप | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |
| २ | हाट बजार निर्माणको भेरिएसन (८.६८ प्रतिशत) | नगर प्रमुख | कार्यपालिका |

## ६ बजेट तथा योजना व्यवस्थापन

६.१ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था छ। पालिकाले त्यस्तो समिति गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

६.२ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

६.३ **योजना तर्जुमा तथा कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार पुँजीगत तर्फ रू.१ लाख भन्दा साना २८(शुन्य बजेट विनियोजन गरेको वाहेक) योजनामा रू.१६ लाख ९२ हजार र रू.१ लाख देखि ५ लाख सम्मका १२९ योजनामा रू.७ करोड ५७ लाख ११ हजार खर्च गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| विवरण | योजना संख्या | बजेट खर्च रु |
|---|---|---|
| ० | १२५ | ० |
| १ लाख सम्म | २८ | १६९२११०।०० |
| १ देखि ५ लाख सम्म | १२९ | ७५७११५३८।०० |
| ५ देखि १० लाख सम्म | २८ | २०७९४३६७।०० |
| १० देखि २० लाख सम्म | १९ | २६२८०८९७।०० |
| २० देखि ५० लाख सम्म | ८ | २१२६५००३।०० |
| ५० लाख देखि माथि | ७ | ६४५५५०३६।०० |
| जम्मा | ३४४ | २१०२९८९५१।०० |

६.४ **लक्ष्य प्रगतिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनुपर्दछ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च |
| पालिकातर्फ | १०३ | ६२ | १० | ७ | ११ | ४९ | १६८२३९६७१।०० |
| वडातर्फ | २०५ | ६३ | ३ | ३ | ११ | १२५ | ४२०५९२८०।०० |
| जम्मा | ३४४ | १२५ | १३ | १० | २२ | १७४ | २१०२९८९५१।०० |

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ३४४ कार्यक्रम तथा आयोजना मध्ये शून्य प्रगति हुने १२५ योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगति हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या १७४ रहेको छ।
- शुन्य प्रगति हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वियन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ ।
- ३४४ योजना मध्ये २१९ योजना तथा कार्यक्रममा रू.२१ करोड २ लाख ९९ हजार खर्च गरेको छ।

तसर्थ लक्ष्य अनुसारको प्रगति हासिल गर्न पालिकाले ध्यान दिनुपर्छ ।

६.५ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

६.६ **गत वर्षको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरी आर्थिक विवरण साथ संलग्न राखी तालुक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समेतलाई लेखि पठाउनु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ५ योजनाहरुको भुक्तानी दिन बाँकी दायित्व वापतको रू.३७१६०२७।०० र आर्थिक वर्ष २०७८।७९ मा निर्माण भएका १५ योजनाहरुको भुक्तानी दिन बाँकी रू.१५५९९८१२।०० समेत रू.१९३१५८४०।०० यो वर्ष भुक्तानी हुने गरी बजेटमा समावेश भएता पनि सुत्रबाट सिर्जित वित्तीय विवरणको टिप्पणी न. १३ भुक्तानी दायित्वमा प्रविष्टी गरी आर्थिक वर्ष २०८०।८१ को वित्तीय विवरण साथ संलग्न गरेको देखिएन। नियमावलीमा भएको व्यवस्था अनुसार भुक्तानी बाँकी दायित्व वित्तीय विवरण साथ राखी पेश गर्नुपर्दछ।

६.७ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१ असार ३ गते रु.७३ करोड २१ लाख ५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१ असार १५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१ असार २१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो।

७ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.२१ करोड २ लाख ९९ हजार पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ ।

८ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको कूल रू. ३ करोड १० लाख ३५ हजार सम्बन्धित संघीय ईकाइहरुको सञ्चित कोषमा फिर्ता गरेको छ।

| स्रोत | अनुदान | प्राप्त | खर्च | बाकी | फिर्ता गरेको |
|---|---|---|---|---|---|
| सघीय सरकार | शसर्त अनुदान चालु | २४२०६९२४१ | २११०८९७४२.६ | ३०९७९४९८ | ३०९७९४९८.४ |
| | शसर्त अनुदान पुँजीगत | २०००००००० | २०००००००० | ० | |
| | विषेश अनुदान चालु | ० | ० | ० | |
| | समपुरक अनुदान पुँजीगत | ९०८४७६० | ९०८३९१६ | ८४४ | ८४४ |
| | संघ जम्मा | २७११५४००१ | २४०१७३६५९ | ३०९८०३४२ | ३०९८०३४२ |
| प्रदेश सरकार | शसर्त अनुदान चालु | | | ० | |
| | शसर्त अनुदान पुँजीगत | ९५००००० | ९४४५११३ | ५४८८७ | ५४८८७ |
| | विषेश अनुदान चालु | २४९५७०० | २४९५७०० | ० | |
| | समपुरक अनुदान पुँजीगत | २०००००० | २०००००० | ० | |
| | प्रदेश जम्मा | १३९९५७०० | १३९४०८१३ | ५४८८७ | ५४८८७ |
| कूल जम्मा | | २८५१४९७०१ | २५४११४४७२ | ३१०३५२२९ | ३१०३५२२९ |

९ **अनुदानको अनुगमन**

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी

नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

| क्र स | स्रोत | संचालित योजनाहरु | बजेट खर्च |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान (पुँजीगत) | पडरी देखि विर्ता सम्म सडक कालोपत्रे | १७३३६१६६।५१ |
| २ | प्रदेश समपुरक अनुदान (पुँजीगत) | रामपुरवा सडक कालोपत्रे | ४६६४११६।०० |
| ३ | प्रदेश विशेष अनुदान (चालु) | तयारी पौष्टि आहार (स्वास्थ्य कार्यक्रम) | २४९५७००।०० |
| ४ | प्रदेश सशर्त अनुदान | कृषि विद्युतिकरण | ९४४५११३।०० |

## १० सेवा प्रवाह

१०.१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१०.२ **सेवा प्रवाहको स्थिति:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ११ वडाहरुबाट यो बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १९ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ८१७ |
| मृत्युदर्ता | ३४५ |
| बसाईसराई दर्ता | ३२० |
| विवाह दर्ता | ४४७ |
| सम्बन्धविच्छेद दर्ता | ८ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण (किमि) | ३.५ |
| कालोपत्रे सडक मर्मत (किमि) | १ |
| ग्राभेल सडक निर्माण (किमि) | १० |
| ग्राभेल सडक मर्मत (किमि) | ७ |

## ११ कानून निर्माण एवं कार्यान्वयन

११.१ **कानून निर्माण एवं कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ ऐन, ८ नियमावली, १७ कार्यविधि, १ मापदण्ड र १ निर्देशिका समेत ३४ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। स्थानीय तहको कार्यक्षेत्रमा पर्ने काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यक कानूनहरु निर्माण गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

११.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १५ र यो वर्ष थप भएको ७१ गरी कुल ८६ विवाद दर्ता भएकोमा ८० फर्स्यौट भई ६ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १२ सहकारी नियमन

सहकारी नियमन- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४),सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ७१ वटा सहकारी संस्था रहेका छन्। जसमध्ये २६ सहकारीहरु एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध भएको देखिएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## १३ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले ईन्जोत मिडीया प्रा लि नामक एक परामर्श सेवा प्रदान गर्ने संस्थालाई रू.२ लाख भुक्तानी गरी सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरेको प्रतिवेदन पेश गरेको छ। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुका साथै आम सर्व साधारणलाई पालिकाबाट प्रवाहित सेवा प्रतिको धारणा प्राप्त गरी आगामी सेवा व्यवस्थापनलाई थप सवल बनाउनु पनि रहेकोले तेस्रो पक्षबाट सामाजिक परीक्षण गरेको कार्य प्रभावकारी नहुनुका साथै सामाजिक परीक्षण मार्फत पालिकाबाट प्रवाहित सेवा तथा कार्यक्रमको प्रभावकारिता मापन समेत भएको देखिएन। यस्ता कार्यक्रमहरु पालिकाको आफ्नै जनशक्तिबाट हुनुपर्दछ।

## १४ आन्तरिक ऋणको सीमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ मा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमा भित्र रहि आन्तरिक ऋण लिन पाउने व्यवस्था छ।त्यसै गरी गाँउपालिका वा नगरपालिकाले ऋण लिने सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख छ। प्राकृतिक स्रोत तथा वित्त आयोगले आ व २०८०।८१ को लागि स्थानीय तहलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने गरी सिफारिस गरेको छ। त्यसै गरी यस अघी १० प्रतिशतको सीमा सिफारिस

गरिएको थियो। कोहल्वी नगरपालिका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८१ को नियमा १५ मा पालिकाले आयोगको सीमा भित्र रही आन्तरिक ऋण लिन नेपाल सरकारको सहमती लिनु पर्ने र ऋणको प्रस्ताव अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्ने लगायतका व्यवस्था छ। पालिकाले २०७८ पौष ७ गते नगर विकास कोष, काठमाडौ र यस कोल्हवी नगरपालिका विच भएको ऋण सम्झौता अनुसार २० वर्षको ऋण भुक्तानी अवधि तथा तालिका रहेको कूल रू.१७ करोड २८ लाख ७३ हजारको ऋण रकम नगर विकास कोषले नगरपालिकालाई दिने गरी सम्झौता गरेको छ। पालिकाको यो वर्षको नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँटको रकम तथा पालिकालको आन्तरिक स्रोत समेतको आय जोड्दा रू.१९ करोड ४९ लाख २ हजार हुने देखियो। सोको १२ प्रतिशतले हुने रू.२ करोड ३३ लाख ८८ हजार हुन जान्छ। जसले पालिकाले प्राप्त गरेको ऋण रकम आयोगले निर्धारण गरेको सीमा भन्दा रू.१४ करोड ९४ लाख ८५ हजार अर्थात निर्धारित सीमाको ६३९ प्रतिशत बढी हो। आयोगले सिफारिस गरेको सीमा भित्र रहि आन्तरिक ऋण लिन पालिकाको ध्यान जानु पर्दछ।

१५ **ऋण अभिलेख**

आन्तरिक ऋण सम्बन्धी कारोवारको लेखा राख्ने प्रयोजनको लागि मलेपफा न. ७६ (आन्तरिक ऋण खाता) तोकिएको छ। जसमा ऋण प्राप्त मिति, रकम, भुक्तानी हुने अवधि, व्याजदर, ब्याज रकम तथा साँवा भुक्तानी बाँकी लगायतका विवरणहरु रहेका हुन्छन। त्यसै गरी सुत्र प्रणालीमा टिप्पणी न.२.२ मा ऋणको विवरण राख्नुपर्ने व्यवस्था छ। पालिकाले मिति २०७८ पौष ७ गते नगर विकास कोषबाट हाट बजार निर्माण कार्यको लागि २ वर्षे ग्रेस अवधि सहित २० वर्षमा भुक्तानी फिर्ता हुने गरी रु.१७ करोड २८ लाख ७३ हजार ऋण सम्झौता गरेकोमा नगर विकास कोषबाट मिति २०८१।१२।२७ मा प्राप्त पत्रानुसार रू.१२ करोड २ लाख ८५ हजार ऋण निकासा भै सकेको र साँवा फिर्ता र ब्याज वापत उक्त मितिसम्म रू.१ करोड ७९ लाख ४१ लाख भुक्तानी गर्न पालिकालाई विभिन्न मितिमा पत्राचार गरेकोमा पालिकाबाट रकम भुक्तानी भएको देखिएन। पालिकाले तोकिएको ढाँचामा ऋणको लेखा राखेको छैन। सम्झौता अनुसार तोकिएको मितिमा ऋणको साँवा र ब्याजको किस्ता बुझाउनु पर्नेमा हाल सम्म २०८० पौष, २०८१ असार, २०८१ पौष र २०८२ असार समेत गरी ४ किस्ता भुक्तानी नगरी बसेको देखियो। सम्झौता अनुसार किस्ता भुक्तानी नहुदा ऋण सम्झौताको बुँदा न. २.२० मा ऋणबाट निर्माणधीन आयोजना कोषले लिलाम विक्री सम्म गर्न सक्ने प्रावधान रहेको छ। धेरै किस्ता एकै पटक बुझाउँदा ठूलो आर्थिक व्ययभार पर्ने र उक्त आर्थिक वर्षको बजेटमा समेत असर गर्ने जोखिमलाई मध्य नजर गर्दै तोकिए बमोजिम ऋण लेखाङ्कन गर्ने र सम्झौता अनुसार ऋणको किस्ता भुक्तानी हुनुपर्दछ।

१६ **कर्मचारी व्यवस्थापन**

१६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले तयार गरेको संगठन तथा ब्यवस्थापन सर्वेक्षण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित पालिका तर्फ ४८ र वडा तर्फ ३३ समेत ८१ कर्मचारीको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ४१ पद स्थायि पदपूर्ति भएको देखियो। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, कानुन अधिकृत इन्जीनियर, शिक्षा अधिकृत सहित ३ पदहरु रिक्त रहेका छन्। पालिकाले आफ्नो कार्यबोझ र स्रोतको आधारमा जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

१६.२ **पद दर्ताः** मधेस प्रदेश स्थानीय सेवाको गठन सञ्चालन ऐन, २०८१ को दफा ४ मा स्थानीय सेवाका विभिन्न तहमा सम्बन्धित गाँउसभा वा नगरसभाबाट स्वीकृत संगठन संरचना र दरवन्दी तेरीज अनुसारका पदहरु रहने र त्यस्तो संगठन संरचना र दरवन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सेवाको पदहरुको सेवा समूह उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश कितावखानामा त्येस्तो पद दर्ता गराउनु पर्ने व्यवस्था छ।त्येसै गरी यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र स्थानीय तहमा रहेका कर्मचारीको स्थायी दरवन्दीको विवरण प्रदेश कितावखानामा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले जि एफ कन्सल्टिङ प्रा लि मार्फत २०७८ सालमा तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन नगर सभाले २०८०।३।२० गते पारित गरेको छ। उक्त प्रतिवेदनमा स्पष्ट दरबन्दी संख्या

यकिन गरी प्रस्ताव गरेको देखिएन। प्राप्त विवरण अनुसार १४४ जनाको दरबन्दि स्वीकृत भएको देखिएकोमा संगठन तथा व्यवस्थापन सर्वेक्षणमा यस सम्बन्धमा कुनै लेखाजोखा गरेको देखिदैन। स्पष्ट पद संख्या कायम गरी कानुन अनुसार प्रदेश कितावखानामा पद दर्ता भएको देखिएन। कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

१६.३ **संगठन तथा व्यवस्थापन सर्वेक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले दरबन्दी प्रस्ताव गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव भत्ता, सञ्चयकोष कट्टि लगायतका वित्तीय दायित्व व्योरिने स्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाले जि एफ कन्सल्टिङ प्रा लि मार्फत २०७८ सालमा तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन नगर सभाले २०८०।३।२० गते पारित गरेको छ। उक्त प्रतिवेदनमा स्वास्थ्य चौकी, बर्थिङ सेन्टर तथा विद्यालयमा कार्यरत कर्मचारीहरुको दरवन्दी सम्बन्धी कुनै व्यवस्था उल्लेख गरेको छैन। त्येसै गरी वित्तीय स्रोतमा पर्ने भार सम्बन्धी कुनै विश्लेषण समेत गरेको देखिदैन। संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार कुल कति जनाको दरवन्दी कायम हुनुपर्ने सो सम्बन्धी पनि स्पष्ट संख्यागत विवरण समेत खुलाएको देखाएको छैन। कानुनमा तोकिएको प्रक्रीया पुरा गरी दरवन्दी सम्बन्धी प्रस्ताव स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

१६.४ **तलवी प्रतिवेदन** – संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष पालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी २ करोड ५१ लाख १३० रुपैया तलव खर्च लेखिएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

१६.५ **अवकाश कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने गरी एक अवकाश कोषको व्यवस्था गर्नुपर्दछ। पालिकाले यो वर्षसम्म त्यस्तो कुनै कोषको व्यवस्था गरेको देखिएन। उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। कानुन बमोजिम अवकाश कोषको स्थापना गर्नुपर्दछ।

## १७ पेश्की व्यवस्थापन

१७.१ **म्याद नाघेको पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको मितिमा पेश्की फर्स्यौट नगरेमा त्यस्तो पेश्की रकम म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतको दरले ब्याज समेत असुल गरिने उल्लेख छ। पालिकाबाट प्राप्त सुत्र प्रणालीमा यो वर्ष निम्नानुसार ३ समेत विगत देखि विभिन्न २३ व्यक्ति, कर्मचारी तथा संस्थालाई रू.१ करोड ९४ लाख १ हजार २७२ पेश्की बाँकी देखिएकोमा हालसम्म फर्स्यौट भएको देखिएन। उल्लिखित पेश्की बाँकीहरु मध्ये केहि विगत लामो समय देखि फर्स्यौट नभएको देखिन्छ। नियमानुसार पेश्की फर्स्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की बाँकी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जय शिव शंकर निर्माण सेवा | दलित आवास निर्माण | १५०००००।०० | जमानत नभएको। |
| २ | बिधुत जडान कार्यक्रम | नेपाल विधुत प्राधिकरण सिम्रौनगढ | ४९९९७५।०० | गत वर्षको प्रतिवेदन लगति कायम नभएको |
| ३ | मसलन्द तथा कार्यालय सामाग्री | धर्मेन्द्र प्रसाद चौधरी | २००००।०० | जमानत नभएको। |
| | जम्मा | | २०१९९७५।०० | |

नोटः सुत्र प्रणाली विद्युत प्राधिकरणलाई पेश्की दिएको रू.४९९९७५।००, जय शिवशंकर निर्माण सेवालाई दिएको पेश्की रू.१५ लाख र धर्मेन्द्र प्रसाद चौधरीलाई दिएको पेश्की रू.२००००।०० लाई म्याद ननाघेको देखाइएता पनि उक्त रकमहरुको जमानत नभएको र आर्थिक वर्ष समाप्त भएकोले म्याद नाघेको नै हुने भएकोले म्याद नाघेको कायम गरिएको छ।

| | |
|---|---|
| पेश्की | २०,१९,९७५ |

१७.२ **नपुग पेश्की ग्यारेण्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौताको एससीसीको शर्त अधिनमा रहि पेश्की दिन सकिने र पेश्की रकम बराबर पेश्की जमानत पेश गर्नुपर्ने तथा सोको मान्य अवधि पेश्की फस्र्योट गर्ने अवधि भन्दा १ महिना बढिको हुनुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार योजनाको लागि पेश गरेको पेश्की रकम फस्र्योट गर्न बाँकी रहेको अवस्थामा पेश्की जमानत वापतको म्याद सकि सकेको अवस्था देखिएकोले उक्त पेश्की असुल गर्नुपर्दछ।

| क्र स | निर्माण व्यवसायीको नाम | ठेक्का नम्बर वा योजनाको नाम | पेश्की बाँकी रकम | पेश्की जमानतको म्याद |
|---|---|---|---|---|
| | जय शिव शंकर निर्माण सेवा | दलित आवास निर्माण | ३५०००००।०० | २०८१।९।४ |

नोटः म्याद नाघेको पेश्की बाँकी दफा अन्तर्गत गत वर्ष रू.२० लाख र यो वर्ष रू.१५ लाख लगती कायम गरिएकोले यस दफामा सैद्वान्तिक कायम गरिएको।

## १८ पदाधिकारी सुविधा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.१०४२०४९८।०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.४८३६६७५८।०० रहेको छ। जुन आन्तरिक आयको २१.५४ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

## १९ प्रधानमन्त्री रोजगार कार्यक्रम :

स्थानीय तहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले पालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। पालिकाले यो कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत २ वडामा ४ योजना सञ्चालन गरी ७१ जनालाई औसत दिनले ९३ दिन रोजगारी उपलव्ध गराई रु.४४,१३,०६८।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतकाखानेपानी पाईपलाइन विस्तार तथा सडकको दुवै साईडको झाढी फढानी तथा सरसफाई कार्यक्रम लगायतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२० **बढी भुक्तानीः**

सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेतको सेक्सन १३००- BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा प्राईम कोट प्रति बर्ग मिटर औसत ०.९ लिटरसम्म र ट्याक कोटको ०.४ देखि ०.६ सम्म हुने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको कार्यको लागि प्राईम कोटमा स्वीकृत दर भन्दा बढी हुने गरी लागत अनुमान तयार गरी सोहि अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गरी निम्नानुसारको कार्यमा स्वीकृत दर भन्दा बढी भुक्तानी गरी बढि ब्ययभार पारेको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

| **गो भौ नं** | **निर्माण व्यवसायी** | **प्राईम कोट लगाएको सडकको क्षेत्रफल** | **नर्मस अनुसार लाग्ने प्राईम कोटको भुक्तानी(०.९ लिटर)** | **बढी भुक्तानी भएको(०.१ लिटर)** | **भुक्तानी दर** | **बढी ब्ययभार** |
|---|---|---|---|---|---|---|
| ३०/ २०८२/ ०३/ २४ | रेखा कन्स्ट्रक्सन | ४९३ वर्ग मिटर | ६२११८ | ६९०२० | १४० | ६९०२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९०२ |

२१ **रामपुर्व कालोपत्रे सडक निर्माण**

**Blacktopped Road Construction at Ward No 11,Rampurwa(KM/NCB/ROAD/01/2077-78)** कार्यको लागि कार्यालय र निर्माण व्यवसायि आशिष कन्स्ट्रक्शन कलैयालाई कवोल अंक रु. २९४९९४२.५७ (भ्याट सहित)को मिति २०८१/०९/३०(म्याद थप) मा काम सम्पन्न गर्नेगरी मिति २०७८/०३/०४ मा सम्झौता भई अन्तिम रनिङ बिल वापत रु.२८३९३४८.० भुक्तानी भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

**कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावलीको नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य,आपूर्ति गरिएका मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिम भुक्तानी गरेकोमा भुक्तानी गर्नु भन्दा अगाडी पेश गर्नुपर्ने कार्य स्वीकार प्रतिवेदन जारी नगरी खर्च लेखेको पाईयो। सो सम्बन्धमा कार्यालयले नियमावली बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ ।

**गुणस्तर :** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। Supplying and applying Prime Coat,Tack Coat MC30/MC70 जस्ता आईटमहरुको भुक्तानी हुँदा गुणस्तर परीक्षण प्रतिवेदन वा ल्याव टेष्ट रिपोर्ट संलग्न नरहेकोले काम गुणस्तरीय भएको छ भनी यकिन हुन सकेन। कामको गुणस्तर परीक्षण गरी गुणस्तर आश्वस्त भए पश्चात मात्र भुक्तानी दिनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

**म्याद थपः** सार्वजनिक खरिद(चौधौं संशोधन) नियमावली,२०६३ को नियम १२०क मा नियम १२० मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम म्याद थप भई चालु रहेको वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्रीको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको लगायतको कारणवाट सम्झौताबमोजिमको अवधिभित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्टपाईं र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तया म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिवद्धतासहित यो नियम जारी भएको मितिले तिस दिनभित्र निवेदन दिएमा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने प्रावधान रहेको छ ।

पालिकाबाट यस खरिद सम्झौताको म्याद थप गरेकोमा नियमावली बमोजिम निर्माण व्यवसायीबाट निवेदन साथ अद्यावधिक

कार्यतालिका र बीमाको अवधि थप भएको देखिएन। साथै खरिद सम्झौताको अवधि भित्र कार्य सम्पादन हुन नसक्नुको कारण समेत उल्लेख नगरी म्याद थपको निर्णय गरेको देखियो। पालिकाले खरिद नियमावलीमा भएका व्यवस्थाहरुको पालना गरी खरिद सम्झौताको म्याद गर्नुपर्दछ।

२२ **बोलपत्रको मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदाता सँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नु पर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ३८ प्रतिशत देखि ६३ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ३७ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भावित जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ।

| क्र स | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान रकम | सम्झौता रकम | लागत अनुमान भन्दा कबोल अङ्क घटेको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ह्युम पाईप खरिद कार्य | श्री जानकि पोल्स ईन्डट्रिज, लक्षमिनिया-4 , धनुषा | २९९५६३१.१८ | १०८६४१७.८८ | ६३.७३ |
| २ | अपग्रेडिङ्ग अफ रोड बाई बल्याकटप | प्रसाई निर्माण सेवा, कोल्हवी-1 , बारा | ८९९९४१५.४८ | ४८७८१२९.५४ | ४५.७९ |
| ३ | निर्माणाधीन छात्रावास निर्माण कार्य | प्रसाई निर्माण सेवा, कोल्हवी-1 , बारा | ४०१३११६.३९ | २४७२२७७.६१ | ३८.३९ |

२३ **समानुपातिक भुक्तानी**

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा समपुरक अनुदानमा सञ्चालित योजनाको लागत सहभागिता स्थानीय तह र नेपाल सरकार बीच पचास पचास प्रतिशतको हुनुपर्दछ। यो वर्ष पालिका अन्तर्गत निर्माण भएको अपग्रेडिङ अफ रोड बाई ब्ल्याकटप खगदे अरेम्बा विर्ता सडक कोल्हवी ९ को निर्माण कार्य संघीय समपुरक अनुदानबाट सञ्चालन भएकोमा निम्नानुसार पालिका र नेपाल सरकारको स्रोत पचास पचास प्रतिशत भुक्तानी हुनुपर्दछ। प्राप्त विवरण अनुसार नेपाल सरकारको स्रोतबाट निम्नानुसार रू.३४६६७६। ०० बढी भुक्तानी भएको देखिएकोले उक्त रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| भौ. न.मिति | भुक्तानी रकम | कूल प्राविधिक मूल्याङ्कन अनुसार भुक्तानी हुनुपर्ने रकम | नेपाल सरकारबाट बढि भुक्तानी भएको रकम |
|---|---|---|---|
| १६।०८२।३।२(संघ) | ४९२६२३९।०० | | |
| २६।०८२।३।२४(संघ) | ४०८८५२१।०० | | |
| नेपाल सरकारबाट भएको भुक्तानी | ९०१४७६०।०० | ८६६८०८३।०० | ३४६६७६।०० |
| ४५४।०८२।३।२५(न.पा.) | ८४४३६४३।०० | | |
| पालिकाबाट भएको भुक्तानी | ८४४३६४३।०० | ८६६८०८३।०० | |
| जम्मा | १७४५८४०३।०० | १७३३६१६७।०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४६,६७६ |

## २४ न्यून प्रगति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नुपर्ने कुनै कुरा उपलव्ध नगराएको वा काबु बाहिरको कुनै परिस्थिति सृजना भई समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा खरिद सम्झौताको म्याद थप गर्न सक्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसारका ठेक्काको म्याद थप भएको अवस्थामा नियममा भएको उल्लिखित अवस्था सृजना भएको पुष्टि हुने प्रमाण संलग्न गरेको देखिएन। निम्नानुसार ठेक्काको खरिद सम्झौता अवधि १४० प्रतिशतसम्म म्याद थप भएको अवस्थामा पनि भौतिक तथा वित्तीय प्रगति न्यून रहेको देखियो। प्रत्येक पटक पालिकाले म्याद थप गरेकोमा कुनै कारण समेत नखुलाई म्याद थप भएको देखियो। खरिद सम्झौताको म्याद थप्नु पर्ने पर्याप्त कारण पुष्टि हुनुका साथै भौतिक तथा वित्तीय प्रगति सम्झौताको अवधि अनुसार अनुपातिक रुपमा हुनु पर्दछ ।

रू हजारमा

| क्र स | योजनाको नाम | निर्माण व्यवसायीको नाम | ठेक्का सम्झौता भएको मिति | शुरु सम्झौता अविध | शुरु सम्झौता अवधिको व्यतीत अवधि प्रतिशत | सम्झौता रकम भेरिएस सहित | हाल सम्मको भुक्तानी | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | १५ सैयाको अस्पताल भवन निर्माण | धुलिखेल निर्माण सेवा | २०७८।३।२४ | २०७९।११।११ | १४० | १२३९२५ | ४८३४७ | ३९ |
| २ | हाट बजार निर्माण | मिसन कन्स्ट्रक्सन | २०७९।६।१२ | २०८०।१०।२७ | १०० | १५७६०८ | १५४४३० | ९७ |

## २५ पेश्की बाँकी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौताको एससीसीको शर्त अधिनमा रहि पेश्की दिन सकिने र पेश्की रकम बराबर पेश्की जमानत पेश गर्नुपर्ने तथा सोको मान्य अवधि पेश्की फर्स्यौट गर्ने अवधि भन्दा १ महिना बढिको हुनुपर्ने र सम्झौता बमोजिम प्रत्येक रनिङ विलबाट पेश्की कट्टा गर्दै जानुपर्ने व्यवस्था छ। साथै खरिद सम्झौता बमोजिमको काम तोकिएको अवधि भित्र सम्पादन नभएको कारणले पेश्की फर्स्यौट नभएको देखिएमा त्यस्तो पेश्की रकममा वार्षिक १० प्रतिशतले हुने ब्याज समेत असुल गर्नुपर्ने व्यवस्था छ। पालिकाले हाट बजार निर्माणको कार्यको लागि सम्झौता गरिएका निर्माण व्यवसायी मिशन कन्स्ट्रक्सनलाई निम्नानुसार विभिन्न मितिमा रू.३५८९५२२४।०० पेश्की दिइएकोमा हालसम्म रू.२०८२७५३६।०० पेश्की फर्स्यौट भई रू.१५०६७६८९।०० पेश्की बाँकी रहेको देखिएको र पेश्की जमानतको म्याद सन २०२३ मे ८ सम्म रहेकोमा तत्पश्चात जमानतको

म्याद थप गरेको देखिएन। साथै कुल सम्झौता अङ्क(भेरिएसन पश्चात) रू.१६९१५९६३३।००(मुअकर समेत) भएकोमा हालसम्म भुक्तानी रू.१५४४२९८२३।००(मुअकर समेत) भएको अवस्थामा समग्रमा वित्तीय प्रगती ९१.३० प्रतिशत भएको देखिन्छ। तसर्थ सम्झौता अनुसार वित्तीय प्रगती ८० प्रतिशत हुनु अगावै सबै पेश्की फर्स्योट गरि सक्नु पर्ने हुन्छ। जस अनुसार सम्झौता रकमको ८० प्रतिशतले हुने रू.१३५३२७७०६।०० भुक्तानी पुगेको मिति निम्नानुसार भौ न.२२।२०८१।६।१८ गतेसम्म सबै पेश्की फर्स्योट भैसक्नु पर्नेमा हाल लेखापरीक्षण भैरहेको अवधि सम्म पेश्की फर्स्योट भएको देखिएन। पेश्की जमानत नभएकोले नियमानुसार पेश्की फर्स्योट भएको वा असुल भएको प्रमाण पेश हुनुपर्दछ।

| भौ न मिति | नगर विकास कोष | नगरपालिका | अद्यावधिक भुक्तानी | पेश्की दिएको | पेश्की फर्स्योट्ट भएको |
|---|---|---|---|---|---|
| 4.2079.7.2 | | | | १०४६०७००।०० | |
| 6.2079.8.21 | | | | १०४६०७००।०० | |
| 4.2079.7.2 | | | | ३४८६९१२।०० | |
| 241.2079.9.29 | | | | ३४८६९१२।०० | |
| 301.2079.11.17 | | | | ८००००००।०० | |
| 8.2079.11.25 | ४८५६०२९४ | | ४८५६०२९४ | ९३४०६२३।०० | |
| 13.2080.3.24 | १६६५४१८४ | | ६५२१४४७८ | | |
| 42.2080.6.30 | | ८६०४४१४ | ७३८१८८९२ | | |
| 5.2080.7.3 | १२३५७५७२ | | ८६१७६४६४ | | |
| 107.2080.7.22 | | ३७१४९५९ | ८९८९१४२३ | | |
| 9.2080.12.15 | २०१८६८०३ | | ११००७८२२६ | | |
| 243.2081.2.6 | | १८२३८००६ | १२८३१६२३२ | | ११४८६९१२।०० |
| 11.2081.3.24 | ४९२३४३३ | | १३३२३९६६५ | | |
| 22.2081.6.18 | | ३५००००० | १३६७३९६६५ | | |
| 253.2081.12.25 | | २८६२१६० | १३९६०१८२५ | | |
| 2.2081.12.25 | १११९००९८ | | १५०७९१९२३ | | |
| 291.2082.1.17 | | ३६३७८४० | १५४४२९७६३ | | |
| जम्मा | ११३८७२३८४ | ४०५५७३७९ | | | |
| | 73.74% | 26.26% | | ३५८९५२२४।०० | २०८२७५३६।०० |

| | |
|---|---|
| पेश्की | १,५०,६७,६८९ |

२६ **विल पेश नभएको**

खरिद सम्झौताको पि एस अन्तर्गत राखिएका आइटमहरुको भुक्तानी वास्तविक खर्चका विल वा प्रमाणका आधारमा सोधभर्ना हुने प्रकृतिको हुन्छ। निम्नानुसार निर्माण व्यवसायीलाई पि एस वापतको रकम भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा उक्त आइटममा भएको खर्चका प्रमाण तथा विल विजक पेश नभएकोले खर्चका प्रमाण पेश गर्नुपर्दछ अन्यथा भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

| क्र स | योजनाको नाम | निर्माण व्यवसायीको नाम | प्रयोजन वा वापत | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | निर्माणाधीन छात्रवास निर्माण (श्री ने रा मा वि सपही कोल्हवी १) | प्रसाई निर्माण सेवा | ल्याव टेस्ट | १००००।०० |
| २ | अपग्रेडिङ्ग अफ रोड बाई ब्ल्याकटप याट कोल्हवी ११ थक्सौली | जनक कन्स्ट्रक्सन कलैया ४ | ल्याव टेस्ट | १००००।०० |
| ३ | अपग्रेडिङ्ग अफ रोड बाई ब्ल्याकटप याट रामपुर्वा कोल्हवी ११ | प्रशाई निर्माण सेवा | ल्याव टेस्ट | ३५०००।०० |
| ४ | अपग्रेडिङ्ग अफ रोड बाई ब्ल्याकटप याट रामपुर्वा कोल्हवी ११ | प्रशाई निर्माण सेवा | बीमा | २५०००।०० |
| ५ | अपग्रेडिङ्ग अफ रोड बाई ब्ल्याकटप याट खगेद आरेम्बा विर्ता कोल्हवी ९ | शक्ति माँ भवानी जय शम्भु जेभी | ल्याव टेस्ट र वीमा | ३४५९३।०० |
| ६ | २ तल्ले ४ कोठे भवन र शौचालय निर्माण(ने रा मा वि वरेवा १०) | जानकी कन्स्ट्रक्सन | ल्याव टेस्ट र वीमा | २०७८०।०० |
| ७ | २ तल्ले ४ कोठे भवन र शौचालय निर्माण (श्रीपुर ९ कोल्हवी) | सीता कन्स्ट्रक्सन | ल्याव टेस्ट र बोर्ड | १७०००।०० |
| ८ | २ तल्ले ४ कोठे भवन र शौचालय निर्माण (दोधर्पाकट्टि ७ कोल्हवी) | सीता कन्स्ट्रक्सन | सूचना बोर्ड | ८०००।०० |
| | जम्मा | | | १६०३७३।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६०,३७३ |

२७ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। अपग्रेडिङ अफ रोड बाई ब्ल्याकटप खगदे अरेम्बा विर्ता सडक कोल्हवी ९ को निर्माण कार्यको लागि खरिद सम्झौता भएका निर्माण व्यवसायी शक्ति माँ भवानी जय शम्भु जेभीलाई भुक्तानी गर्दा निम्नानुसार प्राविधिक विलको मुल्याङ्कन रू.१७३३६१६७।०० भएकोमा जम्मा रू.१७४५८४०३।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रू.१२२२३६।०० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरी सम्बन्धित संघीय ईकाइका संचित कोषहरुबाट भएको खर्चको समानुपातमा दाखिला हुनुपर्ने रु.

| भौ.न. वा रनिङ् विलन | अद्याविधिक अन्तिम प्राविधिक मूल्याङ्कन(मुअकर बाहेक) | पि एस वापतको रकम | जम्मा भुक्तानी हुनुपर्ने(मुअकर र पिएस समेत) | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| 2nd and final bill | १५३११११२७।०० | ३४५७३।०० | १७३३६१६७।०० | | |
| १६।०८२।३।२(संघ) | | | | ४९२६२३९।०० | |
| ४५४।०८२।३।२५(न.पा.) | | | | ८४४३६४३।०० | |
| २६।०८२।३।२४(संघ) | | | | ४०८८५२१।०० | |
| जम्मा | | | १७३३६१६७।०० | १७४५८४०३।०० | १२२२३६।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,२३६ |

२८ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। २ तल्ले ४ कोठे भवन र सौचालय निर्माण(श्री ने.रा.मा.वि. वरेवा ७) को निर्माण कार्यको लागि खरिद सम्झौता भएका निर्माण व्यवसायी जानकी निर्माण सेवाले तेस्रो विल(हाल सम्मको पछिल्लो) अनुसार प्राविधिक मूल्याङ्कन क्युमिलेटिव रू.४७१०१२०।००(मुअकर बाहेक) र पिएस रू.२०७८०।०० समेतबाट कुल भुक्तानी

हुनुपर्ने रू.५३४३२१५।०० हुनुपर्छ। तर निम्नानुसार भौ.न.हरुबाट कुल रू.५४७७४६१।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यावसायीबाट असुल गरी सम्बन्धित संघीय ईकाइको सञ्चित कोषहरुमा समानुतिक रुपमा दाखिला हुनुपर्ने रु.

| भौ.न. र मिति | स्रोत | भुक्तानी रकम मुअकर समेत |
|---|---|---|
| ७।१२।१२ | संघ | १२७०९१७।०० |
| ११।२।२ | संघ | ११९८०५५।०० |
| ४७७।३।२५ | पालिका | ८२९२५८।०० |
| ३८।३।२५ | संघ | २१७९२३१।०० |
| जम्मा | | ५४७७४६१।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३४,२४६ |

२९ **एज विल्ट ड्रईङ्ग पेश नभएको**

सार्बजनिक खरिद नियमावली, २०६४ को निम १२५ मा खरिद सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार निम्नानुसार योजनाको निर्माण सम्पन्न गरी अन्तिम विल भुक्तानी भै सकेको अवस्थामा नियमावलीमा तोकिए बमोजिम एज विल्ट नक्सा पेश गरेको छैन। साथै निम्नानुसार योजना निर्माणको लागि निर्माण व्यवसायीहरु सँग भएका सम्झौतामा निम्नानुसार रकम एज विल्ड ड्रईङ पेश नभएको अवस्थामा कट्टा गरी राख्नु पर्ने व्यवस्था छ। सम्झौता अनुसारको सबै रकम भुक्तानी भएको अवस्थामा सम्झौता अनुसारको एज विल्ड ड्रईङ पेश नभएकोले उक्त कट्टा गर्नुपर्नेमा मूल्याङ्कन अनुसारको सबै रकम भुक्तानी गरेको छ। तसर्थ सम्झौता अनुसार एजविल्ड ड्रईङ पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| क्र स | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | जम्मा भुक्तानी | सम्झौतामा एज विल्ड ड्रईङ पेश नभए सम्म कट्टा गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १ | निर्माणाधीन छात्रवास निर्माण (श्री ने रा मा वि सपही कोल्हवी १) | प्रसाई निर्माण सेवा | २४४२८३०।०० | १००००।०० |
| २ | अपग्रेडिङ्ग अफ रोड बाई ब्ल्याकटप याट कोल्हवी ११ थक्सौली | जनक कन्स्ट्रक्सन कलैया ४ | १५७०२३०।०० | १००००।०० |
| ३ | अपग्रेडिङ्ग अफ रोड बाई ब्ल्याकटप याट रामपुर्वा कोल्हवी ११ | प्रशाई निर्माण सेवा | ४६६४११६।०० | २००००।०० |
| ४ | अपग्रेडिङ्ग अफ रोड बाई ब्ल्याकटप याट खगेद आरेम्बा विर्ता कोल्हवी ९ | शक्ति माँ भवानी जय शम्भु जेभी | १७४५८४०३।०० | २००००।०० |
| ५ | २ तल्ले ४ कोठे भवन र शौचालय निर्माण(ने रा मा वि वरेवा १०) | जानकी कन्स्ट्रक्सन | ३००८४४९।०० | २००००।०० |
| ६ | २ तल्ले ४ कोठे भवन र शौचालय निर्माण (श्रीपुर ९ कोल्हवी) | सीता कन्स्ट्रक्सन | ५७८४३७५।०० | २००००।०० |
| ७ | २ तल्ले ४ कोठे भवन र शौचालय निर्माण (दोधर्पाकट्टि ७ कोल्हवी) | सीता कन्स्ट्रक्सन | ५५९२९१०।०० | २००००।०० |
| | जम्मा | | | १२००००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,००० |

३० **मुअकर कट्टि**

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मुअकर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि मुअकर रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत कट्टी गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित आपुर्तिकर्ता वा निर्माण व्यवसायीबाट मुअकर समायोजन पत्र पेश गर्नु पर्दछ।

| क्र स | योजनाको नाम | निर्माण व्यवसायीको नाम | यो वर्षक कुल भुक्तानी | कट्टि गर्नुपर्ने मुअकर रकम |
|---|---|---|---|---|
| १ | दलित आवास निर्माण | जय श्री शंकर निर्माण सेवा | ४७११७०८ | १६२६१६.४७ |
| २ | निर्माणाधीन छात्रावास भवन निर्माण सपहि | प्रशाई निर्माण सेवा | २४४२८३० | ८४३१०.०६ |
| ३ | अपग्रेडिङ अफ रोड बाई ब्ल्याकटप थक्सौल कोल्हवी ११ | जनक कन्स्ट्रक्सन | १५७०२३० | ५४१९३.७८ |
| ४ | अपग्रेडिङ अफ रोड बाई ब्ल्याकटप रामपुर्वा कोल्हवी ११ | प्रशाई निर्माण सेवा | ४६४४११६ | १६०२८३.६५ |
| ५ | अपग्रेडिङ अफ रोड बाई ब्ल्याकटप अरेम्बा विर्ता सडक कोल्हवी ९ | शक्ति माँ भवानी जय शम्भु जेभी | १७३३६१६७ | ५९८३२७.८९ |
| ६ | २ तले ४ कोठे भवन निर्माण ने रा मा वि वरेवा १० | जानकी कन्स्ट्रक्सन | ५३४३२१५ | १८४४११.८५ |
| ७ | २ तले ४ कोठे भवन निर्माण ने रा मा वि श्रीपुर ९ | सीता कन्स्ट्रक्सन | ५०४५७७ | १७४१४.६ |
| ८ | २ तले ४ कोठे भवन निर्माण ने रा मा वि दोधर्पाकट्टी ७ | सीता कन्स्ट्रक्सन | ५५९२९१० | १९३०२९.६४ |
| ९ | १५ सैया अस्पताल भवन निर्माण | धुलिखेल निर्माण सेवा | १८४७२५१२ | ६३७५४६.८७ |
| १० | भुमि वर्गीकरण | जियोटेक एण्ड स्ट्रक्चरल ल्याव | ९९९४२२ | ३४४९३.३३ |
| | जम्मा | | | २१२६६२८.१४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,२६,६२८.१४ |

३१ **जग्गाको स्वामित्व**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा सार्वजनिक जग्गाको रेखदेख मर्मत सम्भार तथा अभिलेख अद्यावधिक गरि राख्नु पर्ने जिम्मा स्थानीय तहको रहेको तर सोको बेचविखन र अन्य कुनै व्यहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन पाउने अधिकारी स्थानीय तहलाई रहेको देखिदैन। प्राप्त जानकारी अनुसार पालिकाले एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ सैयाको भवन सार्वजनिक जग्गामा निर्माण गरिरहेको देखियो। कूल रू.१२ करोड ३९ लाख २५ हजारमा सम्झौता भएकोमा हालसम्म रू.४ करोड ८३ लाख ४६ हजार ९३६।०० भुक्तानी भएको छ। पालिकाको आफ्नो नाममा दर्ता प्रमाण पुर्जा समेत नभएको सार्वजनिक जग्गामा भवन निर्माणमा भएको ठूलो लगानी नियमानुसार भएको भन्न सकिने अवस्था देखिएन। उक्त अस्पताल निर्माणाधीन जग्गाको स्वामित्व पालिकाले आफ्नो नाममा लिई जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्न आवश्यक पहल गर्नु पर्दछ।

३२ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। २ तल्ले ४ कोठे भवन र सौचालय निर्माण(श्री ने.रा.मा.वि. श्रीपुर ९ कोल्हवी) को निर्माण कार्यको लागि खरिद सम्झौता भएका निर्माण व्यवसायी सीता कन्स्ट्रक्सनले तेस्रो विल(हाल सम्मको पछिल्लो) अनुसार प्राविधिक मूल्याङ्कन क्युमिलेटिव रू.५०१५५५५।००(मुअकर बाहेक) र पिएस रू.३७०००।०० समेतबाट कुल

भुक्तानी हुनुपर्ने रू.५७०४५७७।०० हुनुपर्छ। तर निम्नानुसार भौ.न.हरुबाट कुल रू. ५७८४३७५।००।०० भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रू.

| भौ.न. र मिति | स्रोत | भुक्तानी रकम मुअकर समेत |
|---|---|---|
| ६।१२।१२ | संघ | ९३४६५४।०० |
| २०।३।६ | संघ | ३९०९७९।०० |
| १४।२।२० | संघ | १५२८१५०।०० |
| २९।३।२५ | संघ | २९३०५९२।०० |
| जम्मा | | ५७८४३७५।०० |

| असुल गर्नुपर्ने | ७९,७९८ |
|---|---|

## ३३ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। २ तल्ले ४ कोठे भवन र सौचालय निर्माण(श्री ने.रा.मा.वि. दोधर्पाकट्टी ७ कोल्हवी) को निर्माण कार्यको लागि खरिद सम्झौता भएका निर्माण व्यवसायी सीता कन्स्ट्रक्सनले दोस्रो विल सम्मको प्राविधिक मूल्याङ्कन क्युमिलेटिव रू.२५४५४४२।००(मुअकर बाहेक) र पिएस रू.२८०००।०० समेतबाट कुल भुक्तानी हुनुपर्ने रू.२९०४३५०।०० हुने र पहिलो विलबाट भुक्तानी भएको रू.९७०९७७।०० घटाउदा दोस्रो विलको भुक्तानी गर्नुपर्न रू.१९३३३७२ हुनुपर्छ। तर पालिका भौ.न.१३।२।९ बाट रू.१९८०५२१।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | ४७,१४८ |
|---|---|

## ३४ दलित आवास निर्माण

नगरपालिकाको ११ वडाका प्रत्येक वडाबाट ३ जनाको दरले ३३ जना दलितहरुको आवास निर्माण गर्न पालिका र जय शिव शंकर निर्माण सेवा बीच मिति २०८०।१०।१९ मा रू.२०००६०२१।०० मा २०८२।४।२६ गतेसम्म निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको छ। यो वर्ष ९ वटा आवास निर्माण सम्पन्न गरी रू.४७११७०८।०० भुक्तानी भएकोमा अझै २४ वटा आवास निर्माण शुरु सम्म भएको देखिएन। लेखापरीक्षण अवधि सम्म खरिद सम्झौताको म्याद थप समेत भएको देखिएन। विगत २० महिनामा ९ आवास मात्रै निर्माण सम्पन्न गरेको अवस्थामा समयै लाभग्राहीहरुलाई पालिकाको उद्देश्य अनुसार आवास उपलव्ध हुने अवस्था देखिदैन। निर्माण कार्यमा सिघ्रता ल्याउनु पर्दछ।

## ३५ गैर सरकारी संस्था मार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम अभिमुखिकरण सवलीकरण तथा मूल प्रवाहिकरण जस्ता कार्य गैर सरकारि संस्थाबाट गराउदा छिटो छरितो र प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिम प्रक्रीया पुरा गरी सेवा प्राप्त गर्न सकिने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा एउटा गैर सरकारी संस्थालाई रु.१० लाख भन्दा बढीको त्यस्तो कार्य दिन सकिने व्यवस्था छैन। पालिकाले यो वर्ष निम्नानुसार विभिन्न जनचेतनामूलक तथा लक्षित कार्यक्रमहरु गैर सरकारी संस्था मार्फत संचालन गरेकोमा नियमावलीमा उल्लिखित सीमा भन्दा बढी रकमको सेवा तथा कार्य गैर सरकारी संस्था मार्फत प्राप्त गरी निम्नानुसार रू.3833518।०० भुक्तानी गरेको रकम नियमानुसार नियमित हुनुपर्दछ।

| क्र स | खर्च शीर्षक | गैर सरकारी संस्था | रकम |
|---|---|---|---|
| १ | स्थानीय तहमा जिविकोपार्जन सम्बन्धी कार्यक्रमहरु | ज्ञानु फाउन्डेशन | १२५००००।०० |
| २ | लैङ्गिक सशक्तिकरण तथा जनचेतनामूलक कार्यक्रमहरु | जनमुखी सेवा नेपाल | १५४०७५४।०० |
| ३ | अपराध नियन्त्रण सम्बन्धी कार्यक्रमहरु | केयर मधेश ट्रेनिङ्ग सेन्टर प्रा.लि. | १०४२७६४।०० |
| | जम्मा | | ३८३३५१८।०० |

| | |
|---|---|
| अनियमित भएको | ३८,३३,५१८ |

३६ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको निम्नानुसार कार्यालय तथा संघ संस्थाको लागि रु.१०२७४९० खर्च गरेको देखियो। कानुन बमोजिम आफ्नो कार्यक्षेत्र तथा जिम्मेवारीमा नपर्ने कार्यमा खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

| भौ न मिति | विवरण | प्रयोजन | खर्च रकम |
|---|---|---|---|
| २८८।१।१७<br>२६४।१२।२८ | सशस्त्र बेश क्याम्प कोहल्वी | बेस क्याम्प निर्माण | १०२७४९०।०० |

३७ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्येसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ट्याक्टर ३, एम्बुलेन्स १, दमकल १, ब्याकहो लोडर १, टिप्पर ३, जीप २, पिकअप भ्यान १ र मोटर साइकल ३२ संचालनमा रहेकोमा सवारी साधन मर्मत शिर्षकमा रू.५२९७९००।०० खर्च गरेको छ। पालिकाले मर्मत खर्चलाई पाम्स प्रणालीमा आंशिक रुपमा प्रविष्टि गर्ने गरेको देखियो। सबै मर्मत सम्भार खर्चलाई सम्पत्तिगत देखिने गरी अभिलेख गर्नुका साथै पुराना र मर्मत सम्भारमा धेरै खर्च हुने मेशिनरी उपकरणहरुलाई लिलाम व्यवस्थापन गर्नुका साथै मर्मत सम्भार कार्यलाई पुर्ण रुपमा पाम्स प्रणालीमा आवद्ध गरी मर्मत खर्चलाई व्यवस्थित बनाउनुपर्दछ। साथै निर्माण कार्यमा प्रयोग भएका उपकरणहरुको सम्बन्धमा निर्माण कार्यको लागत अनुमान नापी किताव तथा खर्च पुष्टि गर्ने अन्य प्रमाण कागजात समेत राखी मर्मत शिर्षकमा भएको खर्चलाई व्यवस्थित बनाउनु पर्दछ।

३८ **ईन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ट्याक्टर ३, एम्बुलेन्स १, दमकल १, ब्याकहो लोडर १, टिप्पर ३, जीप २, पिकअप भ्यान १ र मोटर साइकल ३२ संचालनमा रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.९११०७१२।०० खर्च गरेको छ। उक्त ईन्धन खर्चमा ११ वडा अध्यक्षलाई कानुन बमोजिम प्राप्त हुने मासिक ३० लिटर ईन्धनमा भएको खर्च तथा विभिन्न सरसफाई तथा मर्मतमा पालिकाबाट संचालन भएका डोजर तथा निर्माण उपकरणमा प्रयोग भएको ईन्धन समेत समावेस छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र ट्याक्टर, एम्बुलेन्स जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन।साथै निर्माण कार्यमा प्रयोग भएका उपकरणहरुको सम्बन्धमा निर्माण कार्यको लागत अनुमान नापी किताव तथा खर्च पुष्टि गर्ने अन्य प्रमाण कागजात

समेत राखी ईन्धन शिर्षकमा भएको खर्चलाई व्यवस्थित बनाउनु पर्दछ। ईन्धन खपत सम्बन्धमा Public Assets Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

**३९ विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शिर्षकमा रू.२८०५२००।०० खर्च गरेको छ। जुन आन्तरिक आय रू.४८३६६७५८।०० को ५.८ प्रतिशत हुन जान्छ। विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ।

**४० मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले रू.३१७६९०४।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

**४१ आर्थिक साहयता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू.६१८२००।०० आर्थिक सहायता वितरण गरेको देखियो। यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

**४२ थप उपचार सहयोग**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा न. २(ग) बमोजिमको लाभग्राहीलाई दफा न. ४ बमोजिम नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपैयाका दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको बैङ्क खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका ७७ जना त्यस्ता दिर्घ रोगीहरुलाई नेपाल सरकारले उपलव्ध गराइरहेका उक्त सुविधाको अतिरिक्त पालिकाबाट ६ महिनाको लागि मासिक थप रू.५०००।०० उपलव्ध गराई यो वर्ष रू.२१७५०००।०० खर्च लेखेको छ। नेपाल सरकारले दिइरहेको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थामा पालिकाले थप सुविधा उपलव्ध गराउदा आफ्नो वित्तीय क्षमतालाई समेत आधार लिई त्यस्तो आर्थिक दायित्वको निर्णय लिनुपर्दछ।

**४३ कृषि विद्युतिकरणः**

४३.१ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष उपभोक्ता समिति मार्फत काम गराउदा मेशीन उपकरण मार्फत गर्नु पर्ने र प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका काम समेत गराएको देखिन्छ ।यसरी प्राविधिक दक्षता आवश्यक पर्ने काम उपभोक्ता समिति मार्फत गराउदा दिगो प्रभावकारी तथा औचित्यपुर्ण समेत हुदैन। कार्यालयले देहाय बमोजिम कृषि पोलतार विस्तार कार्यको लागि उपभोक्ता समितिलाई रु.४१०४५००.० को लागत अनुमान स्वीकृत गरी रु.३५०५५४८.० भुक्तानी गरेको पाईयो। उपभोक्ता समिति मार्फत Erection of Psc Pole ,Stringing of LT/HT Rabbit ACSR Conductor Wire, Transformer Installation जस्ता जडान गरिएका वा विस्तार गरिएका विद्युत लाईनका सामाग्रीहरुको खरिद निर्माण व्यवसायीहरु मार्फत गरिएको छ। विद्युत प्रसारण लाईन जडान गर्ने जस्ता संवेदनशील कार्य गर्दा विद्युत प्राधिकरणबाट गुणस्तर परीक्षण तथा सोको मूल्याङ्कन गरेको प्रमाण पेश हुन नआएकोले सम्पादित कार्य उपयुक्त र खतरामुक्त रहेको भन्न सकिने अवस्था छैन। जटिल र प्राविधिक दक्षता आवश्यक

पर्ने कामहरु उपभोक्ता समिति मार्फत सम्पन्न गराउने कार्यमा नियन्त्रण हुनु पर्दछ। साथै विद्युत प्रशारण कार्यको गुणस्तर परिक्षण हुनुका साथै खतरामुक्त भएको सुनिश्चतत हुनु पर्दछ ।

| क्र.सं. | गो भौनं./मिति | कामको विवरण | लागत अनुमान | भुक्तानि रकम |
|---|---|---|---|---|
| १ | ५४/२०८१/०७/१३ | वडा नं ८ कृषि पोलतार विस्तार वडाभरी<br>कृषि पोलतार विस्तारउ स कोल्हवी न पा ८ | १३८८०२७.९८ | १३३७१०२ |
| २ | २९२/२०८२/०१/१७ | बोधवन रामवन विद्युतिकरण उ स कोल्हवी न पा ५ | २७१६४७१.५९ | २१६८४४६ |
| **जम्मा** | | | **४१०४५००** | **३५०५५४८** |

**बढी भुक्तानिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ।पालिकाले देहाय बमोजिम उपभोक्ता मार्फत विद्युतिकरण कार्यमा नेपाल विद्युत प्राधिकरणको स्विकृत दररेटभन्दा बढी दरमा भुक्तानी गरेको पाईयो। सो सम्बन्धमा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | गो भौनं./मिति | कामको विवरण | स्वीकृत दर | भुक्तानी दर | परिमाण | बढी भुक्तानि |
|---|---|---|---|---|---|---|
| १ | ५४/२०८१/०७/१३ (कृषि पोलतार विस्तारउ स कोल्हवी न पा ८) | Erection of Psc 8/9 m Pole | ४१३३.७९ | ४५२४.९९ | ३० वटा | ११७३६.० |
| | | Stringing of LT Rabbit ACSR Conductor Wire | १४२२७.८० | ३११४१.२१ | ३.४९४ कि.मि. | ५९०९५.० |
| २ | २९२/२०८२/०१/१७ (बोधवन रामवन विद्युतिकरण उ स कोल्हवी न पा ५) | Erection of Psc 11 m Pole | ५५११.७२ | ६२२८.२४ | २३ | १६४८० |
| | | Stringing of HT Rabbit ACSR Conductor Wire | २६२८०.५२ | ७०५७१.८९ | ०.७२ कि.मि. | ३१८९०.० |
| **जम्मा** | | | | | | **११९२०१.** |

| असुल गर्नुपर्ने | १,१९,२०१ |
|---|---|

४३.२ **सुपरभिजन शुल्कः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहाय बमोजिम उपभोक्ता समिति मार्फत विद्युतिकरण कार्यमा नेपाल विद्युत प्राधिकरणलाई सुपरभिजन शुल्क भुक्तानी गरेकोमा नेपाल विद्युत प्राधिकरणबाट भए गरेका सुपरभिजन सम्बन्धी प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश हुन नसकेकोले सुपरभिजन गरेको देखिने प्रमाणित कगजात पेश हुनुपर्ने रु.

| क्र.सं. | गो भौनं./मिति | उपभोक्ता समिति | कामको विवरण | भुक्तानि रकम |
|---|---|---|---|---|
| १ | ५४/२०८१/०७/१३ | कृषि पोलतार विस्तारउ स कोल्हवी न पा ८ | नेपाल विद्युत प्राधिकरण सुपरभिजन शुल्क | २२२४८.४७ |
| २ | २९२/२०८२/०१/१७ | बोधवन रामवन विद्युतिकरण उ स कोल्हवी न पा ५ | | १७२४१.५४ |
| **जम्मा** | | | | **३९४९०.** |

| प्रमाण पेश नगरेको | ३९,४९० |
|---|---|

४४ **उपभोक्तामार्फत ईन्भर्टर तथा पम्प खरिदः**

सार्वजनिक खरिद नियमावली,२०६३ को नियम ९७(१) मा एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ। पालिकाले गोश्वारा भौचर नं ३४२।२०८२।०३।०२ बाट सुर्योदय खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई १ थान जेनेरेटर तथा १ थान पम्प खरिद वापत रु.१२ लाख भुक्तानी गरी समिति मार्फत नै उक्त सामाग्रीहरु खरिद गरी तिनै समितिलाई हस्तान्तरण गरिएको देखियो। सिद्वान्ततः उपभोक्ता समिति मार्फत निर्माण कार्य मात्रै गराउनु पर्नेमा मालसामान खरिद गराउने कार्य उचित देखिएन। उपभोक्ता समिति मार्फत मालसामान खरिद गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

४५ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले जमुनी नदीमा झोलुङ्गे पुल निर्माण कार्यको लागि झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति कोल्हवी न.पा. १० लाई अन्तिम बिल वापत कुल मुल्यांकित रकम ८११८१४.१ मध्ये उपभोक्ताको १० प्रतिशत अंश रु.८११८१.४ घटाई कायम हुन आउने रु.७३०६३२.७ मा संलग्न टिप्पणीमा उल्लेख भए बमोजिम भुक्तानि हुन बाँकी रकम रु.३४६३३८.३३ समेत जोडजम्मा गरी कुल रु.१०७६९७१.०३ भुक्तानि हुनुपर्नेमा रु.११५५०६७.० भुक्तानि भई बढी भुक्तानी रकम रु. ७८०९६.० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,०९६ |

४६ **लागत सहभागिता**

महुवासपुर कृषि विद्युतिकरण कोल्हवी ७ मा कृषि विद्युतिकरणको कार्यको लागि सम्बन्धित उपभोक्ता समितिसँग भएको सम्झौतामा १० प्रतिशत लागत उपभोक्ता समितिले र ९० प्रतिशत लागत पालिकाले व्यहोर्ने उल्लेख छ। प्राप्त विवरण अनुसार कूल लागत तथा प्राविधिक मूल्याङ्कन रू.३०५३४११।०० तयार भएकोमा सोको ९० प्रतिशतले हुने रू.२७२४०६९।०० मात्र भुक्तानी दिनु पर्नेमा पालिकाले रू.२८५३११६।०० भुक्तानी दिएको देखिएकोले बढि भुक्तानी देखिएको सम्बन्धमा पालिकाबाट थप यकिन गरी बढी भुक्तानी भएको देखिए उक्त रकम असुल हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,०६९ |

४७ **लागत सहभागिता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ता समितिको लागत सहभागिता हुनुपर्ने व्यवस्था छ। कोल्हवी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १११ मा उपभोक्ता समितिबाट काम गराउँदा उपभोक्ता समितिले व्यहोर्नु पर्ने लागत सहभागिता तोकि समितिसँग सम्झौता गर्नुपर्ने र उक्त सम्झौता अनुसार तोकिएको रकम कट्टि गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ (नमुना) मा उपभोक्ता समितिले काम गर्दा समितिको लागत सहभागिता खुलाउनु पर्ने व्यवस्था छ। मधेस प्रदेशको उपभोक्ता समितिबाट गरिने कार्यविधिमा उपभोक्ता समितिको न्यूनतम पाँच प्रतिशत लागत सहभागिता हुने उल्लेख छ। पालिकाले मधेस प्रदेश सशर्त अनुदान स्रोतबाट यो वर्ष निम्नानुसार कृषि विद्युतिकरणको कार्य गर्दा उपभोक्ता समितिबाट लागत सहभागिता व्यहोरेको नदेखिएकोले मधेस प्रदेश सरकारबाट जारी कार्यविधि अनुसार न्यूनत पाँच प्रतिशत लागत सहभागिता वापतको रकम सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनुपर्ने देखिएकोले यस सम्बन्धमा पालिकाबाट यकिन गरी असुल हुनुपर्ने रू

| क्र.सं. | योजनाको नाम | जम्मा लागत | अनुदान भुक्तानी | उपभोक्ता समितिले व्यहोर्नु पर्ने न्यूनतम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि विद्युतिकरण कोल्हवी ५ | ३१३८५१४।०० | ३१३८५१४।०० | १५६९२६।०० | लागत सहभागिता नै नभएको। |
| २ | गेरकाही विद्युतिकरण आयोजना कोल्हवी ९ र ११ | ३१९९८११।०० | ३११४८२९।०० | ७५००८।०० | लागत सहभागिता नै नभएको। |
| | जम्मा | ९२८८७५४।०० | ९१०६४५९।०० | २३१९३४।०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३१,९३४ |

४८ **कृषि विद्युतिकरण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष उपभोक्ता समिति मार्फत काम गराउदा मेशीन उपकरण मार्फत गर्नु पर्ने र प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका काम समेत गराएको देखिन्छ। यसरी प्राविधिक दक्षता आवश्यक पर्ने काम उपभोक्ता समिति मार्फत गराउदा दिगो प्रभावकारी तथा उपयुक्त समेत हुदैन। पालिकाले यो वर्ष निम्नानुसारका कृषि विद्युतिकरणको कार्य उपभोक्ता समिति मार्फत गराई निम्नानुसार रु.९१०६४५९।०० भुक्तानी गरेको पाईयो। कृषि विद्युतिकरण जस्ता प्राविधिक कार्य उपभोक्ता समिति मार्फत गराउँदा विद्युत ट्रान्सफर्मर, पाइपलाइन जस्ता प्राविधिक संरचना पुर्ण रुपमा तयार भई संचालनयोग्य भए नभएको सुनिश्चित हुनुपर्दछ। निम्नानुसार ३ योजना मध्ये कोल्हवी ७ मा भएको विद्युतिकरण योजनाको लागत मूल्याङ्कन विद्युत प्राधिकरणको शाखा कार्यालयबाट भएको देखिएन। त्यसै गरी निम्नानुसार सबै योजनाको निर्माण तथा जडानको गुणस्तर यकिन गरी विद्युत प्राधिकरणका विज्ञ टोलीबाट गुणस्तर परीक्षण गर्न लगाई तोकिएको सर्वमान्य मापदण्ड अनुरुप गुणस्तरीय रहेको सुनिश्चित हुनुपर्दछ।

| क्र.सं. | योजनाको नाम | जम्मा लागत | अनुदान भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १ | महुवासपुर कृषि विद्युतिकरण कोल्हवी ७ | ३०३५४११।०० | २८५३११६।०० | विद्युत प्राधिकरणले मूल्याङ्कन नगरेको |
| २ | कृषि विद्युतिकरण कोल्हवी ५ | ३१३८५१४।०० | ३१३८५१४।०० | लागत सहभागिता नै नभएको। |
| ३ | गेरकाही विद्युतिकरण आयोजना कोल्हवी ९ र ११ | ३११४८२९।०० | ३११४८२९।०० | लागत सहभागिता नै नभएको। |
| | जम्मा | ९२८८७५४।०० | ९१०६४५९।०० | |

४९ **विद्युतिकरण सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिदलाई सम्भव भए सम्म खुला र प्रतिस्धात्मक बनाउनु पर्ने उल्लेख छ। यो वर्ष कृषि विद्युतिकरण कार्यक्रमको लागि पालिकाले उपभोक्ता समितिलाई रकम उपलव्ध गराएकोमा तिन वटै उपभोक्ता समितिले सबै विभिन्न विद्युतीय सामाग्रीहरु पल्लवी ईलेक्ट्रोनिक्स एण्ड सप्लायर्सबाट खरिद गरेको निम्नानुसार खर्चका प्रमाणहरुबाट देखियो। अत पालिकाले विद्युतीय सामाग्रीहरु खुला प्रतिस्पर्धात्मक विधिबाट खरिद समितिलाई उपलव्ध गराएको भए अझ मितव्ययी र गुणस्तरीय सामाग्री प्राप्त हुन सक्थ्यो। खरिदलाई बढी खुला र गुणस्तरीय बनाउन पालिकाको ध्यान जानु पर्दछ।

| क्र स | योजनाको नाम | पल्लवी ईलेक्ट्रोनिक्सबाट खरिद भएको रकम |
|---|---|---|
| १ | महुवासपुर कृषि विद्युतिकरण कोल्हवी ७ | २६८१२८०।०० |
| २ | कृषि विद्युतिकरण कोल्हवी ५ | २८६६९४५।०० |
| ३ | गेरकाही विद्युतिकरण आयोजना कोल्हवी ९ र ११ | ३०३७८४५।०० |
| | जम्मा | ८५८६०७०।०० |

५० **उपभोक्ता समिति तर्फ**

५०.१ **उपभोक्ता समितिको अभिलेखः**उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा कार्यालयले आयोजना संचालन एवम् कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्ने उल्लेख छ। पालिकाले आयोजना संचालन एवम कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको छैन। जसकारण एउटै व्यक्ति, एकै परिवारका व्यक्ति एकभन्दा बढि आयोजनामा संलग्न भएको तथा कुन कुन उपभोक्ता समितिले तोकिएको समयमा कार्यसम्पन्न गरेको र कुन कुन उपभोक्ता समितिले समयमा कार्यसम्पन्न नगरेको यकिन हुन सक्ने देखिएन।उपभोक्ता समितिको अभिलेख तोकिए बमोजिम राख्नु पर्दछ।

५०.२ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कलभर्ट, नाला निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। पालिकाले नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| क्र.सं. | गो भौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | १२६/२०८१/०९/२५ | सडक ढलान उपभोक्ता समिति कोल्हवी न पा ३ | सडक ढलान | १६२२५०८.२३ | १४५११६३ |
| २ | १३४/२०८१/०९/२८ | कृष्ण मन्दिर निर्माण उपभोक्ता समिति कोल्हवी न पा २ | हनुमानजंग कृष्ण मन्दिर निर्माण | ४२९१८५.६३ | ३५४०२९ |
| ३ | १८१/२०८१/११/०१ | सपही बजार ढलान उ स कोल्हवी न पा ४ | सडक ढलान | ५३९२११.६४ | ४५७२५४ |
| ४ | २७५/२०८२/०१/१५ | सडक पक्की ढलान उ स कोल्हवी न पा १ | सडक पक्की ढलान | ११३१८४२.२५ | ९२१६०३ |
| ५ | २८८/२०८२/०१/१७ | सशस्त्र प्रहरी वेश क्याम्प भवन निर्माण उ स कोल्हवी | सशस्त्र प्रहरी वेश क्याम्प भवन निर्माण | १६१८४६८.९१ | १०२७४८९ |
| ६ | ४०१/२०८२/०३/२० | हनुमान मन्दिर निर्माण उ स कोल्हवी न पा ६ | हनुमान मन्दिर निर्माण | २७०१८२.७७ | २२६३२६ |
| ७ | ४१३/२०८२/०३/२२ | अधुरो सार्वजनिक भवन निर्माण उ स कोल्हवी न पा ७ | अधुरो सार्वजनिक भवन निर्माण | १९४००५८.५७ | १७२५३६५ |
| ८ | ४७३/२०८२/०३/२५ | श्री मा वि भवन निर्माण उ स कोल्हवी न पा ११ | श्री मा वि भवन निर्माण | ७३५५६९४.८४ | ६५९७०५०.४२ |
| ९ | ३९/२०८२/०३/२५ (नगर पुर्वाधार विकास कार्यक्रम) | बि पि स्मृति भवन निर्माण उ स कोल्हवी न पा १ | बि पि स्मृति भवन निर्माण | २१५६८१९.१५ | |
| १० | ३२/२०८२/०३/२४ (नगर पुर्वाधार विकास कार्यक्रम) | पि सि सि ढलान उ स कोल्हवी न पा ३ | पि सि सि ढलान | ३२३५५८३.७७ | २८९२०११ |
| | २/२०८१/०६/१६ (नगर पुर्वाधार विकास कार्यक्रम) | झोलुङ्गे पुल निर्माण उ स कोल्हवी न पा १० | झोलुङ्गे पुल निर्माण | ४०८२५४२.३१ | ११५५०६७ |

पालिकाले नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५०.३ **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै पनि आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जसले गर्दा निर्मित आयोजनाको मर्मत सम्भार तथा सञ्चालनमा सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाउन सकेको देखिएन। कार्यालयले सम्झौताको समयमा नै मर्मत सम्भार र सञ्चालन गर्ने जिम्मेवारी सहित योजना हस्तान्तरण गर्ने पद्धतिको अभ्यास गर्नुपर्दछ।

५०.४ **बीमा नभएको :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३)क मा बीस लाख रुपैयाभन्दा बढिको निर्माण कार्य गर्ने उपभोक्ता समितिले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष उपभोक्ता समितिबाट निम्नानुसारका रू.२० लाख भन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गर्न पालिकाको ध्यान जानुपर्दछ।

| क्र.सं. | गोभौनं./मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान |
|---|---|---|---|
| १ | ४७३/२०८२/०३/२५ | श्री मा वि भवन निर्माण | ७३५५६९४.८४ |
| २ | ३९/२०८२/०३/२५ (नगर पुर्वाधार विकास कार्यक्रम) | बि पि स्मृति भवन निर्माण | २१५६८१९.१५ |
| ३ | ३२/२०८२/०३/२४ (नगर पुर्वाधार विकास कार्यक्रम) | पि सि सि ढलान | ३२३५५८३.७७ |
| ४ | २/२०८१/०६/१६ (नगर पुर्वाधार विकास कार्यक्रम) | झोलुङ्गे पुल निर्माण | ४०८२५४२.३१ |

५०.५ **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउने व्यवस्था छ। पालिकाले यो वर्ष विभिन्न६८ उपभोक्ता समितिसँग सम्झौता गरी रु. ३८५७५१०६.७ खर्च गरेकोमा उक्त समितिहरु विधिवत रुपमा कार्यालयमा दर्ता भएको देखिएन। उपभोक्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा सम्पन्न भएका आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले समितिहरु दर्ता गर्ने व्यवस्था मिलाई स्थायी संयन्त्रमार्फत् काम गर्ने गर्नुपर्दछ।

५०.६ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (९)मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तर अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश भवन निर्माण, सडक ढलान, नाला निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य हुनुपर्दछ।

५०.७ **बढी भुक्तानी** - सार्वजनिक खरिद निमावली, २०६४ को नियम १२३(१.ख) मा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम उपभोक्ता मार्फत सम्पन्न कार्यमा नापजाँच बढी हुन गई बढी भुक्तानि हुन गएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| गोभौनं./मिति | उपभोक्ता समिति | काम | स्वीकृत दर | भुक्तानी हुनुपर्ने परिमाण | भुक्तानी भएको परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४७३/२०८२/०३/२५ | श्री मा वि भवन निर्माण उ स कोल्हवी न पा ११ | ***Primer Coat*** | **९९.४५** | ६९८.१ वर्ग मिटर | ७११.९८ वर्ग मिटर | १३८०.० |
| | | ***Weather Coat Painting Work*** | **३९६.०३** | ६९८.१ वर्ग मिटर | ७११.९८ वर्ग मिटर | ५४९७.० |
| १५/२०८२/०२/१२ (नगर पुर्वाधार विकास कार्यक्रम) | शौचालय निर्माण उ स कोल्हवी न पा १ | ***Brick work 1:4 In ground floor*** | १३२८१.५४ | २१.६७ | २२.७१ घ मि | १३८१३.० |
| १७/२०८२/०२/१४ (नगर पुर्वाधार विकास कार्यक्रम) | बि पि स्मृति भवन निर्माण उ स कोल्हवी न पा १ | ***Brick work 1:4 in first floor*** | १३८४३.९२ | ३१.६४ घ मि | ३३.४१ घ मि | २४३६५.० |
| **जम्मा** | | | | | | **४५०५५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,०५५ |

५०.८ **सब-कन्ट्राक्यटरबाट निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली,२०६३ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको कामको आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नसकिने उल्लेख छ। साथै नियमावलीको उक्त नियममा त्यसरी सब कन्ट्रयाक्टमा लगाउने उपभोक्ता समितिको अभिलेख राखी भविष्यमा कुनै पनि निर्माण कार्यमा संलग्न नगराउने र त्यसरी उपभोक्ता समितिलाई दिइएको काम गर्ने निर्माण व्यवसायीलाई कालो सुचीमा राख्न सिफारिस गर्नुपर्ने सम्मको व्यवस्था छ। पालिकाले देहाय बमोजिम उपभोक्ता समितिबाट गरिएको निर्माण कार्यमा सब-कन्ट्राक्यटर मार्फत निर्माण व्यवसायी संलग्न भई निर्माण व्यवसायीबाट कार्य भएको देखियो। उपभोक्ता समितिलाई दिइएको काम निर्माण व्यवसायी वा सब-कन्ट्राक्टरबाट भएको निम्नानुसार उपभोक्ता समितिको अभिलेख राखी भविष्यमा कुनै पनि काम नदिने निर्णय गरी निम्नानुसार निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सिफारिस हुनुका साथै नियमित हुनुपर्ने रू

| क्र.सं. | गो भौनं./मिति | कामको विवरण | उपभोक्ता समिति | निर्माण व्यवसायी वा सब-कन्ट्राक्टर | भुक्तानि रकम |
|---|---|---|---|---|---|
| १ | २८८/२०८२/०१/१७ | सशस्त्र प्रहरी वेश क्याम्प भवन निर्माण | सशस्त्र प्रहरी वेश क्याम्प भवन निर्माण उ स कोल्हवी | हरे राम निर्माण सेवा,कोल्हवी | १०२७४८९ |
| २ | ४४१/२०८२/०३/२३ | नाला तथा सडक ढलान | नाला तथा सडक ढलान उ स कोल्हवी न पा ११ | रियान्स निर्माण सेवा,कोल्हवी | ७२४७५५.३८ |
| ३ | ३२/२०८२/०३/२४ (नगर पुर्वाधार विकास कार्यक्रम) | पि सि सि ढलान उ स | पि सि सि ढलान उ स कोल्हवी न पा ३ | जयन्ती एण्ड प्रविन निर्माण सेवा प्रा लि,कोल्हवी | २८९२०११ |
| **जम्मा** | | | | | **४६४४२५५** |

| | |
|---|---|
| अनियमित भएको | ४६,४४,२५५ |

५०.९ **उपभोक्ता समिति छनोटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य लाभग्राही समुदायबाट गराउन सक्ने छ। त्यस्तो कामको लागि र सेवाको प्रकृति, परिमाण, लाग्ने आर्थिक स्रोत लाभग्राही

समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता पूर्वका प्रकृयाहरु पालना गरेको देखिएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति पारदर्शी तवरले छनोट भएको देखिएन। निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा लाभग्राही समुह छनौट गर्दा नियमको पालना गरी पारदर्शी र सहभागितात्मक तवरले गरिनु पर्दछ।

५१ **बहाल करः**

आयकर ऐन, २०५८ को दफा ८८ र ९२ अनुसार व्यवसाय संचालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसंग गांसिएका जडानहरु र उपकरणहरु वापत भुक्तानी गरेको भाडा वापत १० प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमका प्रयोजनार्थमा बहाल कर कट्टी नभएकोले सम्बन्धितबाट असुल भई दाखिला हुनुपर्ने रु.

| क्र.सं. | विवरण | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रकम | कर |
|---|---|---|---|---|
| १ | जग्गा लिज | श्री अनुप दिपनी मा.वि. कोल्हवी | २००००००. | २०००००. |
| २ | घर भाडा | कोल्हवी नगर उद्योग वाणिज्य संघ | ७०००००. | ७००००. |
| ३ | बोधवन रामवन विद्युतिकरणको पोल ढुवानी | चालक भैरो चौधरी(ना ६ ख ७७१६) | १६१०००. | १६१००. |
| ४ | बोधवन रामवन विद्युतिकरणको पोल ढुवानी | चालक जवार अन्सारी (ना १ क २०२२) | १०००००.० | १००००. |
| | जम्मा | | | २९६१००. |

| असुल गर्नुपर्ने | २,९६,१०० |
|---|---|

५२ **क्याम्पसलाई अनुदानः**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(ज) अनुसार स्थानीय तहले आधारभुत र माध्यमिक तहसम्मको शैक्षिक गतिविधि सञ्चालन, व्यवस्थापन, नियमन, अनुगमन लगायतका कार्य गर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पालिका भित्र संचालित सपही कलेज कोल्हवी-४,बारालाई अनुदान वापत रु.३०,००,०००.०० उपलब्ध गराएको देखियो। कलेज संचालनलाई सामान्यतया माध्यामिक तहसम्मको शैक्षिक गतिविधी भन्न सकिने अवस्था देखिदैन। अतः ऐनले तोकेको कार्यक्षेत्रभन्दा बाहिर रहेको क्याम्पसलाई अनुदान दिएको कार्य उचित देखिएन।

५३ **पुँजीगत आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई देहाय बमोजिम आर्थिक सहायता वितरण गरेको पाईयो। पालिकाले स्वीकृत मापदण्ड वेगर पुँजीगत शिर्षकबाट खर्च गरेका निम्नानुसार आर्थिक सहयता वापतका खर्चहरु निमयमित हुनुपर्दछ।

| **गो.भौ.नं.** | **भुक्तानी पाउने** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ४०/ २०८१/ ०७/ ०७ | नेपाली कांग्रेस नगर कार्य समिति | आर्थिक सहयोग | २५००००.० |
| १८०/ २०८१/ ११/ ०१ | नेपाल निजामती कर्मचारी संगठन | | २९५००.० |
| २९५/ २०८२/ ०१/ २८ | नेपाली कांग्रेस प्रतिनिधि प्रभात कुमार चौरासिया | | ५००००.० |
| **जम्मा** | | | **३२९५००.०** |

| | |
|---|---|
| अनियमित भएको | ३,२९,५०० |

५४ **चालु प्रकृतिका खर्चः**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ। यो वर्ष पालिकाले पूँजीगत शीर्षकमा समावेश गरेर पुँूँजी निर्माणमा सहयोग नरहने प्रकृतिका विभिन्न योजनाहरु कार्यान्वयन गरेको देखियो। यस्ता खर्चमा नियन्त्रण गरी रोजगारमूलक र उत्पादनमूलक योजना तथा कार्यक्रम तर्जुमा गर्न पालिकाको ध्यान जानु पर्दछ। उदाहरणका लागि यस्ता केहि योजना तथा सोमा भएका खर्चको विवरणहरु यस प्रकार छन।

**(विस्तृत विवरण बेरूजु दफा ५४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५५ **लागत साझेदारी**

मदेश प्रदेशको अर्थमन्त्रालयले जारी गरेकोउपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० दफा ७(३) मा आयोजनाको प्रकृति हेरी लागत सहभागिताको ढाँचा र अनुपात(नगद, श्रमदान वा वस्तुगत) तोक्नु पर्नेछ। यसरी लागत सहभागिताको अनुपात तोक्दा माटो तथा ग्राभेल कार्यमा १० प्रतिशत उपभोक्ता साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस्तो कुनै कार्यविधि जारी गरेको देखिएन। यस पालिकाले निम्नानुसार योजनाहरु उपभोक्ता समिति मार्फत कार्य गरेको देखिएकोमा प्रदेश कार्यविधि अनुसार १० प्रतिशतले हुने जनसहभागिता वापतको रकम कट्टि गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले जनसहभागिता वापत घटी कट्टि भएको देखिएको निम्नानुसार रकम सम्वन्धित उपभोक्ता समितिलाई बढि भुक्तानी भएको देखिन्छ। प्रदेशले जारी गरेको कार्यविधि पालिकाले कार्यान्वयन गर्नुपर्ने बाध्यकारी नभएता पनि पालिकाको आफ्नो त्यस्तो कार्यविधि नभएको अवस्थामा प्रदेश सरकारको कार्यविधि कार्यान्वयन गर्नुपर्ने नैतिक अनुभूति हुनुपर्दछ। उपभोक्ता समिति मार्फत संचालित योजनामा उपभोक्ता समितिले ब्यहोर्नुपर्ने लागत साझेदारी सम्बन्धमा पालिकाले आफ्नो कार्यविधि निर्धारण गरी सोही अनुसार कार्यान्वयन गर्नुपर्दछ।

| उपभोक्ता समिति | जम्मा कार्य | श्रम दानको अंश | हुनुपर्ने भुक्तानी | सडक वोर्ड तर्फ | | पालिका तर्फ | | जम्मा भुक्तानी | असुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भुक्तानी | गो.भौ.नं./ मिति | भुक्तानी | गो.भौ.नं./ मिति | | |
| सडक मर्मत उ.स. कोल्हवी न.पा. ६ | ९७८३०२ | ९७८३० | ८८०४७२ | ७८०७८५ | ६/२०८१। ०६।१४ | २०१५३० | ७०/२०८१। ०८।०४ | ९८२३१५ | १०१८४३ |
| रजैया सडक मर्मत सम्भार उ.स. कोल्हवी न.पा.८ | ६६८७९१ | ६६८७९ | ६०१९१२ | ४८२१९८ | ७/२०८१। ०६।१६ | १३७७७१ | ७२/ २०८१। ०८।०६ | ६१९९६९ | १८०५७ |
| सडक मर्मत उ.स. कोल्हवी न.पा. १ | ६८६८६७ | ६८६८७ | ६१८१८० | ४९५२३१ | ५/२०८१। ०६।१३ | १४१४९४ | ६७/२०८१। ०७।३० | ६३६७२५ | १८५४५ |
| पिपरीया बाटो मर्मत उ.स. कोल्हवी न.पा. १ | ७८२५०४ | ७८२५० | ७०४२५४ | ५६४१८६ | ४/२०८१। ०६।११ | १४१४९४ | ६७/२०८१। ०७।३० | ७०५६८० | १४२६ |
| सडक मर्मत उ.स. कोल्हवी न.पा. ४ | ८०४३१८ | ८०४३२ | ७२३८८६ | ५७९९९३ | २/२०८१। ०६।०९ | १६५६८९ | ५०/२०८१। ०७।१३ | ७४५६८२ | २१७९६ |
| सडक ग्रेवल मर्मत उ.स. कोल्हवी न.पा. २ | १६५६३९३ | १६५६३९ | १४९०७५४ | | | १५३५४७५ | १२/६१। २०८१।६। ९ | १५३५४७५ | ४४७२१ |
| | | | | | | | | | २०६३८९ |

५६ **फरक खर्च शीर्षक**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार खर्च भएको रकम सम्वन्धित खर्च शीर्षकबाट गर्नुपर्नेमा फरक शीर्षकबाट खर्च लेखेको देखिएकोले यसरी खर्च शीर्षक फरक पारी लेखेको खर्च नियमित हुनुपर्ने रु.

| गो. भौ . नं.मिति | खर्च शीर्षक | खर्च भएको | रकम |
|---|---|---|---|
| ५८३/२०८२।०३।२५ | सेवा र परामर्श खर्च | भ्रमण खर्चको भुक्तानी | ६६९४५० |
| ५४२/ २०८२।३।२२ | मेशिनरी औजार मर्मत संचार तथा संचालन खर्च | न्यायिक समितिको वैठक भत्ता | ४५००० |
| | जम्मा | | ७१४४५० |

| | |
|---|---|
| अनियमित भएको | ७,१४,४५० |

५७ **नियम पालन नगरी बिज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको

तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ । यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन ।यस कार्यालयबाट विज्ञापनबापत भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं./मिति | शीर्षक | कार्य | भुक्तानी | रकम | ३प्रतिशत |
|---|---|---|---|---|---|
| ३९/२०८१।६।१० | दायित्वपत्रपत्रिका, छपाई तथा सुचना प्रकासन खर्च | | मिडिया गेटप्रा.लि | २८९११० | ८६७३ |
| ७१/२०८१।६।२० | | वोलपत्र सम्वन्धि सुचना प्रकासन | शंकरएडभरर्टाइजिङ्ग एजेन्सी | १०६७८५ | ३२०४ |
| १७६/२०८१।८।२७ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | के.एस.मल्टीपर्पोज प्रा.लि | ३७९६१ | ११३९ |
| १८९/२०८१।९।८ | | जनहितमाजारी सन्देश | प्रेसचित्र मिडिया | ४०००० | १२०० |
| ३३५/२०८१।११।२७ | | जनचेतनामुककसन्देश | शान्तीमिडिया प्रा.लि | ८६४४५ | २५९३ |
| ११/२०८१।५।२४ | | सुचनाप्रकासन | के.एस.मल्टीपर्पोज प्रा.लि | २५७३५७ | ७७२१ |
| जम्मा | | | | | २४५३० |
| | | | | प्रमाण पेश नगरेको | २४,५३० |

५८ **कानुनी सल्लाहकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहमा कानुनी सल्लाकारको पदको व्यवस्था समेत गरेको देखिएन। पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणमा कानुन अधिकृतको दरवन्दी राखी कानुनी सल्लाकारको रुपमा विरेन्द्र प्रसाद चौधरीलाई मासिक रु.२५०००।०० का दरले जम्मा वार्षिक रु.३०००००।०० भुक्तानी भएको देखियो। निजबाट सम्पादित कार्यको व्यवस्थित अभिलेख राखेको देखिएन। सम्पादित कार्यको व्यवस्थित अभिलेख हुनुपर्दछ।

५९ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार प्रत्येक्ष रोजागरी तथा उत्पादनमा योग्दान नदिने कार्यमा निम्नानुसार रू. ५५७८०० खर्च गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।

| गो.भौ.नं/मिति | भुक्तानी | रकम |
|---|---|---|
| ३३।६।२० | थारु कल्याणकारी सभा | ३१८५०।०० |
| १२५।९।२५ | थारु कल्याणकारी सभा | ५००००।०० |
| २२२।११।२७ | थारु कल्याणकारी सभा | १५००००।०० |
| ३९७।३।२० | थारु कल्याणकारी समिति | २५०००।०० |
| | गढिमाई मेला व्यवस्थापन | २४०९५० |
| | थरु संग्राहालय | ६००००।०० |

## ६० परामर्श सेवा

परामर्श सेवाः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष निम्नानुसार परामर्श सेवा मार्फत कार्य गरेको देखियो। कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वियनमा नआउदा मुल्य वृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वियन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ ।

| कार्य | परामर्श सेवा दिने फर्म | भएको खर्च |
|---|---|---|
| भू वर्गीकरण | जियोटेक एण्ड स्ट्क्चरल ल्याव प्रा लि | १९९९४२२।०० |

## ६१ सोझै खरिदः

सार्वजनिक खरिद नियमावली,२०६३ को नियम ८५(१) मा दश लाख रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था उल्लेख छ। कार्यालयले देहाय बमोजिमको कार्यमा एकै प्रकारका कार्य एक आर्थिक वर्षमा रू.१० लाखभन्दा बढी हुने गरी खरिद गरेको पाईयो।यसरी नियमावलीमा तोकिएको सीमा भन्दा बढी रकमको खरिद यस सोझै खरिद गरेको कार्य नियमित गर्नुपर्ने रु.

| **आपुर्तिकर्ताको नाम** | **विवरण** | **बार्षिक भुक्तानी रकम** |
|---|---|---|
| अंकित एण्ड आर्या ईन्टरप्राइजेज कोल्हवी | ईलेक्ट्रिकल सामानहरु | १४९८४६३.० |
| जनमुखी सेवा नेपाल | जनचेतनामुलक,सामाजिक समावेशिकरण,महिला शसक्तिकरण लगायतका कार्य | १२५४८२६.० |
| **जम्मा** | | **२७५३२८९.०** |

| अनियमित भएको | २७,५३,२८९ |
|---|---|

## ६२ सोझै निर्माण तथा खरिदः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी लागत टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। साथै बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान खरिद र निर्माण कार्य सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ।लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिकाले निम्नानुसार रू. ७०८६४०३.० को सोझै खरिद गरेको छ। यसरी पटक पटक सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने हुँदा एकीकृत रुपमा प्याकेज निर्माण गरी बोलपत्र मार्फत खरिद गरी खरिदलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६३ राजस्व सम्वन्धी अभिलेख र दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ बमोजिम कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी कारोवारको लेखा राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था गरिएको छ। सोही ऐनको दफा २७(१) मा कार्यालयमा प्राप्त राजस्व तथा सरकारी रकम सोही दिन वा सम्भव नभए भोलिपल्ट तोकिएको ढाँचामा लेखा राखी बैंकमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका तथा पालिकाका कतिपय वडामा आर्थिक वर्षको वीचमा सुत्र मार्फत राजस्व संकलन गरेको देखिएकोमा सबै वडाहरुमा यो प्रणाली लागु भएको छैन। पालिकाको राजस्वलाई शीर्षकगत नछुट्याई बैंकमा जम्मा भएको राजस्वलाई अन्य दस्तुर(१४५२९) शीर्षकमा राखी आम्दानी बाधिएकोले कुन शीर्षकमा कति राजस्व संकलन भयो भन्ने स्पष्ट हुन सकिएन। त्यसै गरि पालिका र वडाबाट संकलन भएको दस्तुर राजस्व सम्वन्धित कर्मचारीले समयमै बैंकमा दाखिला नगरि विलम्ब गरी वा आर्थिक वर्षको अन्यमा एकमुष्ट दाखिला गर्ने परिपाटि रहेको पाइयो। अतः आगामी दिनमा रसिद नियन्त्रण र राजस्व असूलीलाई स्वचालित प्रणालीमार्फत व्यवस्थित गर्दै संकलित राजस्व समयमै बैंक दाखिला गर्ने व्यवस्था मिलाउनुपर्दछ।

## ६४ अनुमति बिना क्रसर उद्योग

ढुंगा गिटि वालुवा उत्खनन विक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को बुँदा नं ११ मा क्रसर उद्योग संचालनको लागि आवश्यक मापदण्ड तथा कार्यविधि निर्धारण गरिएको छ। यस मापदण्डमा नयाँ स्थापना हुने उद्योगले वातावरणीय अध्ययन प्रतिवेदनमा सङ्कलन उत्खनन गर्ने कच्चा पदार्थको स्थान क्षेत्रफल परीमाण समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समाबेश गर्नु पर्ने हुन्छ। त्यसै गरी क्रसर उद्योग राजमार्गको राइट अफ वे बाट ५०० मिटर र नदि वा खोला किनारबाट ५०० मिटरको दुरीमा मात्र संचालन गर्नु पर्ने उल्लेख छ।यस मापदण्ड अनुसार प्रचलित कानून बमोजिम स्थापना भएको क्रसर उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रहि संकलन तथा उत्खनन गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण प्रत्येक वर्षको भाद्र महिनाभित्र सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्ने व्यवस्था छ।त्येसै गरी प्रत्येक वर्षको लागि असार मसान्त भित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ। क्रसर उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आपुर्ती गर्दा लाग्ने विक्री मूल्य वा शुल्क सम्बन्धित स्थानीय तहलाई बुझाए पछि मात्र त्यस्तो कच्चा पदार्थ आपुर्ति गर्न पाउने व्यवस्था छ।उल्लिखित व्यवस्था पालना नगर्ने क्रसर उद्योगलाई सम्बन्धित स्थानीय तहले बन्द गर्न सम्बन्धित निकायलाई सिफारिस समेत गर्ने सक्ने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस पालिकाको सरहदमा निम्नानुसार क्रसर उद्योगहरु संचालनमा रहेको देखियो। क्रसर उद्योगहरुले मापदण्डको पालना गरे नगरेको वा के कति परिमाणमा ढुंगा तथा वालुवाको उत्खनन तथा उत्पादन गरेको सम्बन्धमा कुनै अनुगमन भएको देखिदैन। पालिकाले उक्त क्रसर उद्योगको आवश्यक अनुगमन गरी कानून बमोजिम भएको सुनिश्चित हुनुपर्दछ।

| क्र स | क्रसर उद्योग संचालन गर्ने फर्म | संचालन भएको स्थान |
|---|---|---|
| १ | असिम कन्स्ट्रक्सन एण्ड बालुवा प्रशोधन केन्द्र | कोल्हवी १ |

## ६५ सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

## ६६ यन्त्र उपकरण सञ्चालन

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन। साथै मेसिनरी सम्पत्तिमा भएको मर्मत खर्चको विवरण र आय वीच तुलनात्मक विष्लेषण गरेको पाइएन। पालिकाले निर्माण उपकरण सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन। तसर्थ निर्माण उपकरणको भाडा वापत प्राप्त आयको यथार्थता परीक्षण गर्न सक्ने अवस्था छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | जे. सि . भि | ७००२ लि. | नखुल्ने | ३२४११६७ | १२१३०० | नखुल्ने | नखुल्ने |
| २ | ट्रिपर( ना . १ ग ७७८ ) | २७६० | | | | | |
| ३ | ट्रिपर( ना . १ ग ७७९ ) | १६१० | | | | | |
| ४ | ट्याक्टर | ५०१ | | | | | |
| ५ | एम्बुलेन्स | नखुल्ने | नुखुल्ने | नखुल्ने | ३५२५०० | नखुल्ने | नखुल्ने |

## ६७ ईटा भट्टि सञ्चालन अनुमति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(प) को ७ मा ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा स्लेट जस्ता वस्तु सर्वेक्षण उत्खनन तथा उपयोगको दर्ता अनुमति नविकरण खारेजी र व्यवस्थापन सम्बन्धी कार्यक्षेत्र स्थानीय तह अन्तर्गत पर्ने व्यवस्था छ। पालिका अन्तर्गत माटो प्रयोग गरी ईट्ट बनाउने करिव ५ भन्दा धेरै ईट्टा भट्टी रहेको जानकारीमा आएता पनि हालसम्म ईट्टा भट्टिहरुलाई नियमन गर्ने गरी कुनै कानुन नबेको र कुनै पनि ईट्टा भट्टी पालिकामा दर्ता समेत भएको देखिएन। आवश्यक कानुन बनाई ईट्टा भट्टीहरुलाई पालिकाबाट अनुमति लिन लगाउनुका साथै माटो ल्याइने स्थान पहिचान गरी आर्थिक ऐनले तोकेको दरमा माटोको प्रयोगलाई कर तथा शुल्कको दायरमा ल्याई नियमन गर्नुपर्छ।

## ६८ रिक्सा दर्ता

नेपालको संविधानको अनुसूची ८ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ३ मा स्थानीय तहले समेत सवारी साधान कर लगाउन र उठाउन सकिने व्यवस्था छ। मधेस प्रदेश आर्थिक ऐन, २०८१ को दफा ३ को उपदफा ६ मा स्थानीय तहमा साधन स्रोत र जनशक्ति व्यवस्थापन नभए सम्म टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता थ्री विलरमा सवारी साधन कर प्रदेश आर्थिक ऐन बमोजिम लगाउने र उठाउने व्यवस्था गरेको छ। यस पालिका अन्तर्गत १०० भन्दा धेरै रिक्सा संचालनमा रहेको जानकारी प्राप्त भएको अवस्थामा पनि संघीय कानुन बमोजिम स्थानीय तहलाई प्राप्त सवारी साधन कर प्रचलनमा ल्याउन आवश्यक कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको देखिएन। संविधानतः प्राप्त राजस्व अधिकारलाई प्रचलनमा ल्याउनु पर्दछ।

## ६९ आन्तरिक आय

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कोल्हवी नगरपालिकाको नगर सभाले जारी गरेको आर्थिक ऐन, २०८१ अनुसार स्थानीय तहको यो वर्षको कर तथा शुल्क प्रशासन भैरहेको देखियो। पालिकाको SUTRA बाट प्राप्त विवरण अनुसार कोहल्वी नगरपालिकाको पछील्लो पाँच वर्षको वार्षिक अनुमान र प्राप्त आन्तरिक राजस्वको तुलनात्मक विवरण निम्नानुसार छ ।

| रू. हजारमा | | | |
|---|---|---|---|
| आ.व. | वार्षिक अनुमानित आय | आम्दानी | अनुमानको प्राप्ति प्रतिशत |
| २०७७।७८ | १४६५०० | १०७०९० | ७३.१ |
| २०७८।७९ | १४७५०० | ५२६५७ | ३५.७ |
| २०७९।८० | १८२९६७ | ७०४७४ | ३८.५२ |
| २०८०।८१ | १२४५५५ | ४९३४२ | ३९.६१ |
| २०८१।८२ | १५७६६५ | ४८३६७ | ३०.६८ |

प्रस्तुत पाँच वर्षको तथ्याङ्कले अनुमान र वास्तविक आयबीच ठूलो अन्तर देखाएको छ। अनुमानको तुलनामा वास्तविक प्राप्ति पनि घट्दो क्रममा छ। आय अनुमानलाई यथार्थपरक बनाई संकलन संयन्त्रलाई सुदृढीकरण गरी दीगो आन्तरिक स्रोतको परिचालनमा पालिकाको ध्यान जानु पर्दछ।




७० **कूल आय र आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ

| केन्द्रीय अनुदान (समानिकरण अनुदान र राजस्व बाँडफाटको योग) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४२०५७६८६१।०० | ४८३६६७५८।०० | ११.५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ११.५५ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

७१ **व्यवसाय कर**

व्यवसाय करः कोहल्वी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसूची(४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने व्यवस्था छ। पालिकाले यो वर्ष व्यवसाय कर वापत रु.१५० संकलन गरेको छ। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

७२ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ बमोजिम पालिकाले एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर तथा वहाल विटौरी शुल्क असुल गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो सम्बन्धी शीर्षकहरूमा रु.१५ करोड ७६ लाख ६५ अनुमान गरेकोमा वास्तविक आम्दानी रु.४ करोड ८३ लाख ६६ हजार अर्थात अनुमातको ३०.६७ प्रतिशत मात्र संकलन भएको छ। जसमा भूमिकर, वहाल कर, वहाल विटौरी कर जस्ता प्रमुख शीर्षकहरूबाट न्यून वा शून्य आम्दानी भएको देखिन्छ। करदाता अभिलेख व्यवस्थित नहुनु र स्वेच्छिक रुपमा बुझाउन ल्याएको अवस्थामा मात्र असुली हुने परिपाटी कायम रहनु मुख्य कारण भएकोले प्राप्त आय यथार्थ ठहरिने अवस्था छैन। त्यसैले करदाताको व्यवस्थित अभिलेख तयार गरी दायरा विस्तार गर्ने, नियमित अनुगमन तथा असुली प्रणालीलाई प्रविधि–मैत्री बनाइ प्रभावकारी राजस्व प्रशासन सञ्चालन गर्नुपर्दछ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय रू. | आम्दानी रू. |
|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | १०००००० | ७००४० |
| २ | ११३१४ - भुमिकर/मालपोत | २०००००० | २८६७३३७ |
| ३ | ११३१७ - वहाल कर | ५००००० | १६२४०७९ |
| ४ | ११३१८ - वहाल विटौरी कर | २५००००० | २६६३२८३ |
| ५ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ० | ३७५० |
| ६ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ३०००००० | ८००००० |
| ७ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १५० |
| ८ | ११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | १५० |
| ९ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २५०००० | ० |
| १० | ११६९१ - अन्य कर | ५५०००० | २७२०८५ |
| ११ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ३०८७५० |
| १२ | १४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | १५०० |
| १३ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ५५०००० | १००५ |
| १४ | १४२१८ - विद्युत सेवा शुल्क | ० | ६३५० |
| १५ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ५००००० | २०६५० |
| १६ | १४२२१ - न्यायिक दस्तूर | ० | २३०० |
| १७ | १४२२४ - परीक्षा शुल्क | ० | ७३००० |
| १८ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | ७१२१३ |
| १९ | १४२४१ - पार्किङ्ग शुल्क | ५०००० | ० |
| २० | १४२४२ - नक्सापास दस्तुर | ५००००० | १६३४०८ |
| २१ | १४२४३ - सिफारिश दस्तुर | ० | १४०७४३६ |
| २२ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ५२८३०० |
| २३ | १४२४५ - नाता प्रमाणित दस्तुर | ० | ७०५०० |
| २४ | १४२४९ - अन्य दस्तुर | १५००००० | ३७४१४१ |
| २५ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४००००० | ६५७२४६ |
| २६ | १४२५४ - रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १००००० | ० |
| २७ | १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ० | २७०१ |
| २८ | १४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ९०० |
| २९ | १४२६५ - अन्य क्षेत्रको आय | १४३१६५००० | ११०१०००० |
| ३० | १४३११ - न्यायिक दण्ड , जरिवाना र जफत | ३००००० | ० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | १४३१२ - प्रशासनिक दण्ड , जरिवाना र जफत | ० | ४०० |
| ३२ | १४४२१ - पूँजीगत हस्तान्तरण | ० | १०० |
| ३३ | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | ३००००० | ० |
| ३४ | १४५२९ - अन्य राजस्व | ० | २२१९०८८५ |
| ३५ | १४६११ - व्यवसाय कर | ५००००० | ८६१५० |
| ३६ | १५१११ - बेरूजू | ० | १८००१५० |
| ३७ | १५११२ - निकासा फिर्ता | ० | ११५५७५० |
| ३८ | १५११३ - अनुदान फिर्ता | ० | ३५० |
| ३९ | ३२१२१ - नगद | ० | १३२७०० |
| | जम्मा | १५७६६५००० | ४८३६६७५८ |

७३ **सम्पत्ति कर**

कोहल्वी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा २ मा नगरपालिका क्षेत्रभित्र अनुसूची(१) बमोजिम घरमा र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइने र असुल उपर गरिने व्यवस्था छ। पालिकाले यो वर्ष सम्पत्ति कर वापत रु.१० लाख अनुमान गरेकोमा रु.७० हजार अर्थात ७ प्रतिशत संकलन भएको छ। पालिकाले सम्पत्ति करको दायरा बढाई पालिकाले आन्तरिक स्रोत सुदृढ बनाई स्रोत व्यवस्थापनलाई प्रभावकारी र यथार्थपरक बनाउनु पर्दछ।

७४ **आय बाडफाँट**

मधेश प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ मा बालुवा र गिट्टि ठेक्काबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष लाल बकैया नदिबाट बालुवा बिक्रीबाट प्राप्त आय रु.२८६००००००।०० को ४० प्रतिशतले हुने रकम रू.११४४००००।०० प्रदेश सञ्चित कोषमा दाखिला गरेको देखिएन। पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क को व्यवस्था अनुसार सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था अनुसार प्रदेश नपठाएको जानकारी प्राप्त भयो। कानुनी व्यवस्थाहरु आपसमा आपसमा तादम्यता कायम गरी कार्यान्वयन योग्य बनाउन सम्बन्धित पक्षको ध्यान दिनुपर्दछ।

७५ **जिन्सी व्यवस्थापन**

७५.१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। जिन्सी निरीक्षण गरेकोमा जिन्सी सम्बन्धी निम्नानुसार बेहोराको सम्बोधन भएको छैन। पालिकामा रहेका जिन्सी मेशिन तथा उपकरणहरु प्रयोगमा ल्याई वा लिलाम विक्री गरी जिन्सी व्यवस्थापन हुनुपर्दछ।

| क्र स | उपकरण तथा मालसामानको नाम | थान | कैफियत |
|---|---|---|---|
| १ | टिप्पर | १ | हालसम्म पालिकाको कम्पाउण्डमा विग्रेको अवस्थमा रहेको। |
| २ | रोलर(ब्यक हो) | १ | साविक जि वि स को कम्पाउण्डमा बिग्रेको अवस्थामा रहेको। |
| ३ | ट्याक्टर | १ | वडामा हस्तान्तरण रहेको जानकारी प्राप्त। एकीकृत जिन्सी किताव PAMS मा अभिलेख नै नरहेको। |
| ४ | मोटरसाइकल | १ | सशस्त्र प्रहरीलाई हस्तान्तरण भएको। तर नामसारी लगायतका काम नभएकोले पालिकाले नै नविकरण दस्तुर भुक्तानी हुदै आएको। |

७५.२ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Assest Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा परीक्षणको क्रममा ईन्धन लगायतका खर्च भएर जाने जिन्सीहरु आंशिक रुपमा मात्रै प्रविष्टि भएको देखियो। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ। (ट्रयाक्टर थान १ वडा न ७ कार्यालय लाई हस्तान्तरण गरेकोमा सोको ईन्धन तथा मर्मत खर्च PAMS मा प्रविष्टी गरेको छैन। मोटरसाइकल थान १ शसश्त्र वेस क्याम्प कोल्हवीले प्रयोग गरिरहेको तर सबै नविकरण र शुल्क पालिकाबाटै भुक्तानी हुने गरेको।)
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।(साविक जिल्ला विकास समितिले पालिकालाई हस्तान्तरण गरेको रोलर थान १ हाल सम्म पालिकाले प्रयोगमा ल्याएको छैन। उक्त उपकरण पालिकाको PAMS मा आम्दानी समेत बाँधेको देखिएन।)

७६ **दिवा खाजा :**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न. २.७.११.१ मा दिवा खाजाको लागि स्थानीय तहले विद्यालयलाई रकम निकासा गर्दा पहिलो त्रैमासिकको लागि प्रति विद्यार्थी वार्षिक १८० दिन उपस्थित हुने आधारमा रकम निकासा गर्ने र दोस्रो त्रैमासिक देखि भौतिक रुपमा पूरा समय चलेको दिन(परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र वि व्य स अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भई अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित भएपश्चात मात्र थप रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पहिलो किस्ता स्वरुप ४८७९ विद्यार्थीको लागि प्रथम निकासा (भदौ देखि मंसिर सम्म) रू.३२९३३२५।०० दोस्रो किस्ता(मंसिर-चैत्र) रू.३४५३६००।०० र तेस्रो किस्ता वापत ४५२२ विद्यार्थीको लागि रू ४१४९३७५।०० (चैत्र-असारसम्म) पालिकाबाट निकासा भएकोमा उक्त रकम खर्च भएको देखिने गरी विद्यालयहरुबाट दिवा खाजा खाने विद्यार्थीहरुको प्रमाणित संख्यात्मक हाजिरी विवरण तोकिएको ढाँचाको बिबरण पालिकालाई पेश गरेको देखिएन। जसले गर्दा दिवा खाजाको उपयोग सम्बन्धमा यकिन गर्न सकिएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम विद्यालयहरुमा दिवा खाजा खाने विद्यार्थीहरुको संख्यात्मक विवरण तोकिएको अधिकारीहरुबाट प्रामाणित गराई दिवा खाजा वापत निकासा भएको रकम सदुपयोग भएको सुनिश्चित हुनुपर्दछ।

७७ **लेखापरीक्षण:**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं.२.७.१३.१० को ५.१ मा आधारभूत तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ दश हजार रुपैँयाअनुदान दिने व्यवस्था छ। पालिकाले विद्यालयहरुको लेखापरीक्षणको लागि रु.४,७०,०००।०० निकासा गरेकोमा उक्त विद्यालयहरुले अन्तिम लेखापरीक्षण हुने समयसम्म पनि लेखापरीक्षण भएको देखिएन। अघिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश भएपश्चात मात्र लेखापरीक्षण वापतको रकम विद्यालयहरुलाई निकासा दिनुपर्दछ।

७८ **बिधालय सन्चालन तथा ब्यबस्थापन अनुदान :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। बिद्यालय संचालन भएको कक्षा गत र तह गत बिद्यालय सन्चालन SIP, अभिभावक शिक्षा एवं अतिरिक्त क्रियाकलाप सामाजिक तथा आर्थिक लेखा परीक्षण, बिद्यार्थी परिचय पत्र तथा बिद्यालय तथ्याङ्क ब्यबस्थापन, बुलेटिन प्रकाशन तथा अन्य क्रियाकलापको लागि प्राप्त अंक बराबरको रकम बिद्यालयलाई एकमुष्ट अनुदान दिने व्यवस्था छ। यो वर्ष पालिकाले बिद्यालय सन्चालन तथा ब्यबस्थापन अनुदान वापत रू.२०,७५,०००।०० विद्यालयलाई निकासा भएकोमा अनुदानको प्रभावकारिता सम्बन्धमा अनुगमन भएको देखिएन। पालिकाले आवधिक रुपमा अनुदानको अनुगमन गरी खर्चको प्रभावकारीता बढाउने तर्फ ध्यान दिनुपर्दछ।

७९ **पाठ्यपुस्तक :**

कार्यक्रम कार्यान्वयन कार्यविधि ०८१।८२ क्रियाकलाप नं. २.४.६.२ अनुसार विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाव गरी अनुदान दिने र शैक्षिक शत्रमा भएको नँया विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधार एकिन गरी नपुग हुने रकम मात्र थप अनुदान निकासा दिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरणको आधारमा भौ. न. ६० मिति २०८१।१२।१२ बाट ३२ वटा विद्यालयलाई पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाव गरी रु.३२,८१,४४५। ४२। निकासा भएकोमा दोस्रो पटक शैक्षिक शत्रमा भएको नँया विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधार एकिन गरी नपुग हुने रकम रु.६,७१,४६९।६५ गरी जम्मा रु.३९,५२,९१५.०७ निकासा भएको छ। विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा गर्दा गणना गरेको विद्यार्थी संख्या र तेस्रो त्रैमासिक भित्र सम्बन्धित विद्यालयहरुको IEMIS को तथ्याङ्कमा उल्लिखित विद्यार्थी संख्या नमूना परीक्षणको रुपमा भिडान गर्दा IEMIS मा उल्लिखित विद्यार्थी संख्या बढी देखिएकोले विवरणहरु अद्यावद्यिक गरी विद्यार्थी संख्या यकिन गरेर मात्र पाठ्यपुस्तक वापतको रकम निकासा भएको बारे सुनिश्चित हुनुपर्दछ।

८० **सेनिटरी प्याड :**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप न.२.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदानमा स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरूको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था छ। स्यानीटरी प्याड वितरण सम्बन्धी मापदण्ड २०७६ को दफा ६(२) मा विद्यालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो विवरण नराखी गो भौ नं ७०।२०८१।१२।२५मा शिलबन्दी दरभाउपत्रद्धारा गढीमाई मेडिहेल्थ प्रा.लि बाट २८४६४० पीस (PCS) रु.६।०० का दरले स्यानिटरी प्याड खरिद गरी रु.१९,२९,१५९।०० (मु अ कर समेत) भुक्तानी गरेको छ। विद्यालयहरुलाई वितरण भएको सेनिटरी प्याडको उपयोग सम्बन्धमा पालिकाबाट अनुगमन भएको नदेखिएकोले सेनिटरी प्याडको उपयोग सम्बन्धमा सुनिश्चित हुनुपर्दछ।

८१ **शिक्षक विद्यार्थी अनुपात :**

शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वयन

निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३२ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार न्यून शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरुको विवरण निम्नानुसार छन।

| शिक्षक दरबन्दी (पदपुर्ती विवरण ) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विवरणको नाम | स्थायी | राहत | करार | निजी स्रोत | जम्मा शिक्षक संख्या | जम्मा वि. सं. | शिक्षक अनुपात |
| १ | श्री दुलारा देवी आ. वि. महुआसपुर | ० | ० | २ | ० | २ | ८६ | १:४३ |
| २ | श्री जन ज्योति आ. वि. नयाँटोल बेलवा | १ | १ | ० | ० | २ | ७६ | १:३८ |
| ३ | श्री जनता आ.वि. अमाव | १ | ० | ० | १ | २ | ११४ | १:५७ |
| ४ | श्री जनता नेपाल रा.आ.वि. मठवा | १ | १ | ० | २ | ४ | १८८ | १:४७ |
| ५ | श्री ने.रा.आ.वि. ककडी बलुवा | ० | १ | ० | १ | २ | ११३ | १:५७ |
| ६ | श्री ने. रा.आ.वि. अधनवा | २ | २ | ० | ० | ४ | ११७ | १:२९ |
| ७ | श्री ने.रा.आ.वि. रमर्पुवा | ४ | २ | ० | ३ | ९ | ३०६ | १:३४ |
| ८ | श्री ने.रा.मा.वि. नयाँवस्ती | ६ | ३ | ३ | २ | १४ | २९२ | १:२१ |
| ९ | श्री ने.रा.आ.वि. बरेवा | २ | १ | ० | १ | ५ | १८४ | १:३७ |
| १० | श्री ने.रा.आ.वि. मुसर्हना | ३ | १ | ० | १ | ३ | २६६ | १:८९ |
| ११ | श्री ने.रा.आ.वि. काटघाट | २ | १ | ० | ० | ३ | ४६ | १:१५ |
| १२ | श्री ने.रा.आ.वि. वभनी | १ | ० | ० | ० | १ | १४ | १:१४ |
| १३ | श्री नेपाल रा.आ.वि.धोधर्याकट्टी | १ | ४ | ० | ० | ५ | १९२ | १:३८ |
| १४ | श्री नेपाल रा.आ.वि. अरेम्वा विर्ता | २ | २ | ० | ० | ४ | ११४ | १:२९ |
| १५ | श्री जनता नेपाल रा.आ.वि. खुगडे पडरी | ३ | १ | ० | ० | ४ | १०९ | १:२७ |
| १६ | श्री नेपाल रा.आ.वि. नयाँटोल वेलवा | ० | ० | २ | ० | २ | ५६ | १:५६ |
| १७ | श्री अनुपदिपनी मा.वि. कोहल्वी | १३ | ३ | १ | ४ | २१ | ९०७ | १:४३ |
| १८ | श्री जनता मा.वि. ककडी परसौना | ६ | ५ | ३ | ४ | १८ | ६३० | १:३५ |
| १९ | श्री मणि मा.वि. कोल्हवी थस्कौल | १२ | ५ | ८ | ७ | ३२ | ८२९ | १:२६ |
| २० | श्री नेपाल रा.आ.वि. कोल्हवी ककडी | ३ | १ | १ | ० | ५ | २४७ | १:४९ |
| २१ | श्री नेपाल रा.आ.वि. कोल्हवी कुमरगढी | ३ | १ | ० | ० | ४ | ६६ | १:१७ |
| २२ | श्री ने. रा. आ. वि. कोल्हवी खैरा | ३ | २ | १ | १ | ७ | १४१ | १:२० |
| २३ | श्री ने. रा. आ. वि. कोल्हवी वगेवा | ३ | २ | १ | ० | ६ | १५६ | १:२६ |
| २४ | श्री ने. रा. आ. वि. कोहल्वी प्रगतिनगर | १ | २ | ० | ० | ३ | ११२ | १:३७ |
| २५ | श्री ने. रा. आ.वि. कोल्हवी झुरझुर | ४ | १ | १ | १ | ७ | १६२ | १:२३ |
| २६ | श्री ने. रा. आ. वि. कोल्हवी जुअवाकट्टी | २ | २ | ० | ० | ४ | ४१ | १:१० |
| २७ | श्री ने. रा. मा.वि. कोल्हवी श्रीपुर | १ | २ | ० | ० | ३ | ११९ | १:४० |
| २८ | श्री नेपाल रा.मा.वि. वेल्वा धोर्धवा | ८ | ३ | ४ | २ | १७ | ५०३ | १:३० |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९ | श्री ने. रा. मा.वि. जुअवा | ५ | ४ | ३ | २ | १४ | ३१३ | १:२२ |
| ३० | श्री ने. रा. मा.वि. सपही | १५ | ८ | १ | ८ | ३२ | ८६८ | १:२७ |
| ३१ | श्री रामजानकी आ.वि. बोधवन | ४ | १ | १ | ३ | ९ | ३०५ | १:३४ |
| ३२ | श्री सिर्शागढि आ. वि. बन्ड्डाकट्टी | ० | ० | २ | ० | २ | ६८ | १:३४ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात शुन्य देखि १:८९सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा बालविकाश केन्द्र स्थापना गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्नुपर्दछ ।

८२ **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित स्थानीय तहले गर्ने व्यवस्था छ। पालिकाले विद्यालय अनुगमन सम्बन्धी मापदण्ड तयार गरेको छैन। जसले गर्दा पालिकाबाट विद्यालय अनुगमन सम्बन्धी संस्थागत विधि तह भएको देखिएन। विद्यालय अनुगमन सम्बन्धी मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी बनाइनुपर्दछ।

८३ **छात्रवृत्ति :**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ (क) मा गैह्र आवासीय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागका आधारमा तेस्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने र विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिना भित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्ने एवँ स्थानीयतहले विद्यालयको छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने उल्लेख छ। पालिकाले ३२ वटा विद्यालयलाई भौ. नं. ९८ मिति २०८२।३।५ बाट **रू.**९,२६,८००।०० निकासा भएको देखियो। विद्यालयहरुले छात्रवृत्ति वापत भएको खर्चको विवरणहरु नमूना परीक्षण गर्दा IEMIS मा भएको दलित तथा छात्राहरुको संख्या बढी देखिएकोले छात्रवृति रकम वितरणको यथार्थता परीक्षण गर्न सकिएन। IEMIS को तथ्याङ्क यथार्थपरक हुनुका साथै सोही तथ्याङ्कको आधारमा छात्रवृत्ति वितरण हुनुपर्दछ। साथै पालिकाबाट छात्रवृत्ति रकमको वस्तुगत अनुगमन हुनुपर्दछ।

८४ **डिजिटल सिकाई सामाग्री :**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति बिद्यार्थी लागतको आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री ब्यबस्थाका लागि बिद्यालयलाई अनुदानको २.१ मा तोकिएको उप क्रियाकलापको बजेट समाबेस गरीएको छ। बिद्यालयबाट भरिएको EMIS प्रतिबेदनमा उल्लेखित बिद्यार्थी संख्याको आधारमा स्थानीय तहले बजेट बाँडफाँट गरी बिद्यालयलाई अनुदान दिने ब्यबस्था भएकोमा तथ्यांक सत्यापन गरी यकिन भएका बिद्यार्थी संख्याको आधारमा उल्लिखित शीर्षक र ईकाइ लागत अनुसार रकम हिसाब गरी प्रति बिधार्थी लागत रकमले गुणा गरी आएको अंक बराबरको रकम बिद्यालयलाई एकमुष्ट अनुदान दिने व्यवस्था उल्लेख छ। यो वर्ष पालिकाले डिजिटल सिकाई सामाग्री तथा शिक्षण सिकाई सामाग्री व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान वापत रू.३८,१५,१५०।०० निकासा भएकोमा विद्यालयहरुबाट प्रमाणित विद्यार्थी संख्या र खर्चका प्रमाण कागजात पेश भएकोमा विद्यालयमा निकासा भएको अनुदान पालिकाले समय समयमा त्यसको अनुगमन गरी खर्चको प्रभावकारीता बढाउने तर्फ ध्यान जानुपर्दछ।

८५ **शिक्षण सिकाई अनुदान :**

शिक्षण सिकाई अनुदान कार्यविधि, २०७७ को दफा १० मा छनोटमा परेका विद्यालयहरुलाई शिक्षण सिकाई कोटा अनुसार एकमुष्ठ अनुदान उपलब्ध गराउने र सो अनुदान कार्यक्रम अन्तर्गत छनोट भएका शिक्षकहरुको काम कारवाही सम्बन्धमा स्थानीय तहले आवधिक रुपमा अनुगमन गर्ने र सुधारको लागि विद्यालयसँग समन्वय गरी सोको जानकारी शिक्षा विकास तथा समन्वय ईकाइलाई पठाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसारका विद्यालयहरुलाई शिक्षण सिकाई अनुदान उपलब्ध गराई रू.५२लाख ९७

हजार ६०७ खर्च गरेकोमा कार्यविधिमा उल्लिखित व्यवस्था अनुसार स्थानीय तहबाट उक्त शिक्षकहरुको काम कारवाही सम्बन्धमा अनुगमन हुनुपर्दछ।

| क्र.सं. | विद्यालयको नाम | दरबन्दी संख्या. | प्रथम | दोस्रो | तेस्रो | चौथो | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | श्री ने.रा.मा.वि. कोल्हवी–७ बेलवा धोधरपा, बारा | २ जना | १७४७५६ | १३१०६७ | २९५२४० | २६२१३४ | ८६३१९७ |
| २ | श्री ने.रा.मा.वि. कोल्हवी–८नयाँबस्ती, बारा | ३ जना | ३४९५१२ | २६२१३४ | ४२६११३ | ३९३२०१ | १४३०९६० |
| ३ | श्री ने.रा.मा.वि. कोल्हवी–३ जुअवा, बारा | ३ जना | १६०१९३ | ४५८७३४.५ | ४२३२०१ | ३९३२०१ | १४३५३३० |
| ४ | श्री ने.रा.आ.वि. कोल्हवी –२ झुरझुर, बारा | १ जना | १३८९२० | १०४१९० | ११४१९० | १०४१९० | ४६१४९० |
| ५ | श्री राम जानकी आ.वि. कोल्हवी–५ बोधवन, बारा | १ जना | १३८९२० | १०४१९० | ११४१९० | १०४१९० | ४६१४९० |
| ६ | श्री ने.रा.आ.वि. कोल्हवी –१ खैरा, बारा | १ जना | ० | ६९४६० | ११४१९० | ० | १८३६५० |
| ७ | श्री ने.रा.आ.वि. कोल्हवी –२ बगेवा, बारा | १ जना | १३८९२० | १०४१९० | ११४१९० | १०४१९० | ४६१४९० |
| कुल जम्मा | | | | | | | ५२९७६०७ |

८६ **सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार सामाजिक सुरक्षा कार्यक्रम संचालन सबै वडामा ईएफटी मार्फत लाभग्राहीको खातामा निम्नानुसार रु.१८१७१८४९१।०० निकासा दिएको देखियो। यो वर्ष ११३८ जना नयाँ थप र ७४३ जना लगत कट्टा भई ७६३१ जना लाभग्राही कायम भएको छ। यस अन्तर्गत देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

| क्र.सं. | शिर्षक | पहिलो किस्ता | दोस्रो किस्ता | तेस्रो किस्ता | चौथो किस्ता | वार्षिक कायम संख्या |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य | २२०२ | २२०५ | २२२७ | २२८१ | २२८१ |
| २ | जेष्ठ नागरिक दलित | १९२ | १९५ | २०१ | २०४ | २०४ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २७७ | २७६ | २७४ | २४८ | २४८ |
| ४ | विधवा | ६९८ | ७०७ | ७२० | ७४५ | ७४५ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | २०० | १९८ | २०१ | २०० | २०० |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | २४६ | २५१ | २५१ | २५३ | २५३ |
| ७ | क्षेत्र तोकिएको बालबालिक | ३१६० | ३२०५ | ३२५२ | ३२६६ | ३२६६ |
| ८ | दलित बालबालिका | ४०२ | ४१६ | ४१७ | ४३३ | ४३३ |
| ९ | लोपन्मुख जात जाति | १ | १ | १ | १ | १ |
| | जम्मा लाभग्राही | ७३७८ | ७४५४ | ७५४४ | ७६३१ | ७६३१ |
| | जम्मा भुक्तानी रकम | ४४८७९७०१ | ४५१९०९५४ | ४५४५६५४९ | ४६१९१२८७ | १८१७१८४९१ |

८६.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा १५(३) बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्नेछ र दफा २६ (३) बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार लगत कट्टा गरि निम्नानुसार वैंकबाट विभिन्न वडाको फिर्ता हुने रकम लेखापरीक्षण

अवधिसम्म पनि फिर्ता नभएको देखियो। अतः पालिकाले त्यसको थप यकिन गरि निम्नानुसार वैंकबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| वडा | बैंककोनाम | फिर्ता हुनु पर्ने रकम | फिर्ता भएको रकम | फिर्ता हुनु पर्ने बाँकी रकम |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ विकास बैंक लि. कोल्हवी | २३५६० | १२८८७ | १०६७३ |
| २ | सिटिजन्स इन्टरनेशनल बैंक लि. कोल्हवी | ३३०७२ | १६७२३ | १६३४९ |
| ३ | कृषि विकास बैंक लि. कोल्हवी | १०५२० | २४१८ | ८१०२ |
| ४ | माछापुच्छ्रे बैंक लि. निजगढ | ४००० | ० | ४००० |
| ५ | कृषि विकास बैंक लि. कोल्हवी | २७९११ | ३८१७ | २४०९४ |
| ६ | कृषि विकास बैंक लि. कोल्हवी | १६७३२ | २३४५ | १४३८७ |
| ७ | कृषि विकास बैंक लि. कोल्हवी | २११०० | ९२४५ | ११८५५ |
| ८ | कुमारी बैंक लि. करैयामाई , बारा | २११२१ | ५३१६ | १५८०५ |
| ९ | सांग्रिला डेभलपमेनट बैंक लि. कोल्हवी | १८४१९ | ३०८५ | १५३३४ |
| १० | राष्ट्रिय बाणिज्य बैंक लि कोल्हवी | २९५२४ | ० | २९५२४ |
| ११ | सांग्रिला डेभलपमेनट बैंक लि. कोल्हवी | ३२१९९ | ० | ३२१९९ |
| | जम्मा | २३८१५८ | ५५८३६ | १८२३२२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८२,३२२ |

८६.२ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

८६.३ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ।पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्छ।

**८७ दुग्ध उत्पादन अनुदान**

दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यविधि, २०७९ को दफा ४ मा दुग्ध उत्पादक सहकारीलाई लक्षित गरी प्रस्ताव आहवान गर्ने, यसै कार्यविधि अन्तर्गत गठित अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले सहकारीहरुबाट प्राप्त प्रस्तावको मुल्याङ्कन गरी सहकारी छनौट गर्ने र छनौट भएका सहकारीसँग आवद्ध भएका सहकारी कृषकहरुको बैङ्क खातामा दुध संकलन रेकर्ड तथा अडिट रिपोर्टका आधारमा प्रति लिटर दुधको पचास पैसा अनुदान रकम सोझै जम्मा गर्ने गरी कार्यक्रम संचालन प्रकृया तोकिएको छ। यो वर्ष पालिकाले यस कार्यक्रम अन्तर्गत निम्नानुसार सहकारीहरुसँग आवद्ध कृषकहरुको खातामा रू.१७८२९९०।०० भुक्तानी गरेको छ।

| क्र स | कृषि सहकारीको नाम | आवेदनमा आवद्ध कृषक संख्या |
|---|---|---|
| १ | हरियाली सामूहिक दुग्ध संकलन केन्द्र | १२० |
| २ | सुनगाभा माछा कृषि सहकारी संस्था लिमिटेड | ३०० |
| ३ | पञ्च अमृत दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | ३०५ |
| ४ | उद्यमशील युवा दुग्ध तथा कृषि सहकारी संस्था लिमिटेड | ३१५ |
| ५ | सूर्य ज्योती दुग्ध उत्पादक सहकारी संस्था | ७१ |
| ६ | जयकालिका महिला दुग्ध उत्पादन सहकारी संस्था | ३४० |
| ७ | गायत्री डेरी दुग्ध उत्पादक कृषक समूह | २१८ |
| | जम्मा | १६६९ |

यस कार्यक्रम सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन।

- आवेदक सहकारी संस्थाहरु मध्ये अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सहकारी संस्था छनौट गर्न तयार भएको मूल्याङ्कन समितिको प्रतिवेदन लेखापरीक्षणमा पेश भएन। जसले गर्दा कति सहकारी संस्थाहरुको आवेदन परेका थिए र त्यस मध्ये कति के के आधारमा छनौट भएको हो सोको यथार्थता परीक्षण गर्न सकिएन।
- भुक्तानी भएका विवरणबाट कृषि विकास बैकको ५१७ जना कृषकको खातामा रू.१५५८५११३।००, राष्ट्रिय बाणिज्य बैङ्कको २४ जना कृषकको खातामा रू.६२१०३।००, एन आइसी एसिया बैङ्कको २ जनाको खातामा रू.१०७३।००, मुक्तिनाथ विकास बैङ्कको ४ जनाको खातामा रू.४७१५।००, सांग्रिला विकास बैङ्कको ७ जनाको खातामा रू.१०९४१।००, सिटिजन ईन्टरनेश्नल बैङ्कको ३१ जनाको खातामा रू.३५०४३।०० र कुमारी बैङ्कको ६२ जनाको खातामा रू.११०५९७।०० समेत कुल ६४७ जनाको खातामा रू.१७८०९९०।०० भुक्तानी भएको देखियो। जसले गर्दा आवेदक सहकारी संस्थासँग आवद्ध १६६९ मध्ये ३८.७६ प्रतिशत कृषकले अनुदान प्राप्त गरेका छन।
- जम्मा ६४७ कृषकको खातामा रू.१७८०९९०।०० भुक्तानी भएको अवस्थामा औसत १ कृषकको खातामा रू.२७५५।०० अनुदान भुक्तानी भएको देखिएकोले यस अनुदानबाट कृषकको उत्पादनमा कस्तो प्रभाव परेको छ सो सम्बन्धी समेत अनुगमन गरी कार्यक्रमको प्रभावकारीता अध्ययन गरेको देखिएन।
- दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यविधि, २०७९ को दफा ७ मा यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यालयले आवश्यकता अनुसार हुने अनुगमन निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी कार्यपालिका बैठकमा पेश गर्नुपर्ने र कार्यविधिको दफा ८ मा कार्यविधि बमोजिम गठन भएका समितिको वैठकमा उपस्थित पदाधिकारीहरुको थप जिम्मेवारीको लागि कार्यालयको नियम अनुसार वैठक भत्ता उपलव्ध गराउने उल्लेख छ। यस कार्यक्रमको अनुगमन तथा वैठकमा उपस्थित भए वापत विभिन्न पदाधिकारीहरुले विभिन्न मितिमा कूल रू.१९१५००।०० अनुगमन तथा वैठक भत्ता भुक्तानी भएको देखियो। जुन वितरित अनुदान रकमको १०.७४ प्रतिशत हुन जान्छ। अनुगमन तथा निरीक्षण प्रतिवेदन कार्यपालिका वैठकबाट अनुमोदन भएको प्रमाण पेश हुनुपर्दछ।

तसर्थ लाभग्राहीको उद्यमसिलतामा, रोजगारीमा, उत्पादनमा तथा प्रविधिमा वास्तविक रुपमा सकारात्मक परिवर्तन ल्याउने सक्ने कार्यक्रममा केन्द्रित हुन पालिकाको ध्यान जानुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९१,५०० |

८८ **कृषि सहकारीलाई दिएको अनुदान :**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले देहायअनुसार कृषि सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.२२१००८०।०० खर्च लेखेको छ। तर बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। साथै पालिकाले यसरी वितरित अनुदान रकम र अनुदानबाट लाभान्वित लाभग्राहीहरुको नामनामेसी आफ्नो वेभसाइट मार्फत सार्वजनिक गरी पारदर्शिता अभिवृद्दि गर्नुपर्दछ।

| भौ न । मिति | संस्था | खरिद सामाग्री | लाभग्रही | खरिद रकम | कैफियत |
|---|---|---|---|---|---|
| १५८।०८२।३।२४ | राहुल एग्रो सप्लायर्स | सुक्ष्म तत्व जिंक | ८६ | ११२०००।०० | साझेदारी |
| १५९।०८२।३।२४ | न्यू प्लाइ एण्ड हार्डवेयर हाउस | चार्जर स्पेयर | १०० | ४५२०००।०० | साझेदारी |
| १९।०८१।८।९ | श्री साना किसान कृषि सहकारी संस्था ली. | गहुँको बिउ | १९२ | १०२००००।०० | साझेदारी |
| १०५।०८२।३।६ | जनउत्थान कृषि फार्म प्रा. ली. | धानको बीउ राधा | १३७ | ३३६३५०।०० | साझेदारी |
| १०५।०८२।३।६ | साना किसान कृषि सहकारी संस्था लि. | धानको बीउ साबित्री | ६८ | १८४४५०।०० | साझेदारी |
| १०४।०८२।३।६ | बिजय बीउ बिजन उद्योग | मंसुली धान | ५९ | ८५६८०।०० | साझेदारी |
| १०४।०८२।३।६ | साना किसान कृषि सहकारी संस्था लि. | बास्मती धान | १६ | १९६००।०० | साझेदारी |
| जम्मा | | | | २२१००८०।०० | |

## ८९ गैरसरकारी संस्थाबाट कार्य :

सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी¸कार्यशाला लगायतका कार्यक्रममा खर्च गर्दा अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशीका, २०७७ मा तोकिए बमोजिमको दरमा खर्च गर्नुपर्ने उल्लेख छ। सार्वजनिक निकायले कार्यक्रम गर्दा निर्देशिकाले तोके अनुसारको दरमा सम्पूर्ण खर्च रकमको लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई सोही अनुसार कार्यक्रम सन्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सन्चालन गरेका अधिकाँस कार्यक्रममा लागत अनुमान तयार नगरी फर्म वा संस्थासँग प्रस्ताव माग गरी कार्यक्रम सञ्चालन गरेको देखियो। पालिकाले गैर सरकारी संस्था वा संस्था मार्फत कार्यक्रम संचालन गर्दा कार्यक्रम संचालन पुस्तिकाको परिपालना गर्नुपर्दछ। उदाहरणको लागि निम्नानुसार गैरसरकारी संस्था मार्फत संचालित कार्यक्रम संचालन गर्दा उल्लिखित निर्देशिकामा भएको व्यवस्था अनुसार खर्चको लागत अनुमान तयार भएको देखिएन। निर्देशिकाको पालना हुनुपर्दछ।

| भौ. न.। मिति | संस्था | कामको विवरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १५५।२०८२।३।२२ | शिवम स्किल डेभलपमेन्ट प्रा.ली. | पारिवारिक खेती प्रर्वद्धन कार्यक्रम | ७७८१७९ | कृषि |
| १२०।२०८२।३।१३ | ज्ञानु फाउण्डेसन | राषट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम | ७४३५८० | महिला विकास |

## ९० न्यानो झोला कार्यक्रम :

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले वर्थिङ्ग सेन्टरको लागि भौ.न.२६।२०८२।९।३ मा गढीमाई जनरल सप्लायर्सबाट रु. ८,९७,२२०। मूल्यको न्यानो झोला खरिद गरेको छ । खरिद भएका न्यानो झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

९१ **औषधि खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को अनुसूची ३ मा खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा सार्वजनिक निकायले माग गरेको समयमा खरिद सम्झौतामा उल्लिखित दर र शर्त बमोजिम एक वा एक भन्दा बढी आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्नको लागि संरचनात्मक वा एकाई दर सम्झौता गर्न सकिने र त्यस्तो सम्झौता गर्दा मालसामानको अधिकतम र न्यूनतम परिमाण खुलाउनु पर्ने र सम्झौताको अवधि सामान्यतया एक वर्ष भन्दा बढी नहुने उल्लेख छ। पालिकाले यो वर्ष खरिद व्यवस्थापन गरेका औषधिको विवरण विश्लेषण गर्दा ईकाइ दर सम्झौता गरेको देखिएकोमा न्यूनतम र अधिकतम परिमाण नखुलाई न्यूनतम दर प्रस्ताव गर्ने आपुर्तिकर्ताबाट औषधि खरिद तर्फ पालिकाको स्रोतवाट रु.५४,१६,००४।०० र संघीय सशर्त तर्फ रु.१५,९७,०३७।०० समेत जम्मा रु.७०,१३,०४१।०० को खरिद कार्य गरेको छ। औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिश्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ। खरिद ऐनको प्रावधान वमोजिम ईकाइ दर विधिबाट खरिद गर्दा अधिकतम र न्यूनतम परिमाण खुलाई सोही अनुसार जमानत लगायतका कागजात लिई उक्त अधिकतम सीमा ननाघ्ने गरी खरिद गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कोल्हवी नगरपालिका, बारा , कोल्हवी नगरपालिका , बारा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री पितानाथ लुईटेल | २०८१-११-२३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुरेन्द्र प्रसाद चौधरी | २०७८-४-३२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५६८,१०७ | १२,२७५,०१२ | २,८८९,१९७.१४ | ० | ० | १७,०८७,६६४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३३,८१९,९८०.१४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३३,८१९,९८०.१४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २४८९६२८७.३७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३९६४९८१६१ | चालु खर्च | ३३७४३८५३७.५९ |
| प्रदेश सरकारबाट अनुदान | २४०७८७०० | पूँजीगत खर्च | २१०२९८९५०.७१ |
| राजश्व बाँडफाँट | १४६५३५८५६.७६ | वित्तीय/अन्य व्यवस्था | २५७९४४१२१.३७ |
| आन्तरिक आय | ४८३६६७५८.२१ | | |
| अन्य आय | २३९३९३२१०.७५ | | |
| कुल आय | ८५४८७२६८६.७२ | कुल खर्च | ८०५६८१६०९.६७ |
| बाँकी मौज्दात | | ७४०८७३६४.४२ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | | | | |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय) | | | | | | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १५,२८,२८,८३९.९१ | ० | १५,२८,२८,८३९.९१ | १०,२१,२७,०७१.८६ | ० | १०,२१,२७,०७१.८६ |
| १३००० | अनुदान | | ३८,९५,४१,६३१.६३ | ० | ३८,९५,४१,६३१.६३ | ३६,६२,८८,७१८.५० | ० | ३६,६२,८८,७१८.५० |
| १४००० | अन्यराजस्व | | ३,९१,१७,५२५.०६ | ० | ३,९१,१७,५२५.०६ | ४,१८,२२,८४९.२९ | ० | ४,१८,२२,८४९.२९ |
| १५००० | विविधप्राप्ति | | २९,५६,२५०.०० | ० | २९,५६,२५०.०० | ० | ० | ० |
| क | कुल जम्माप्राप्ति | | ५८,४४,४४,२४६.६० | | ५८,४४,४४,२४६.६० | ५१,०२,३८,६३९.६५ | | ५१,०२,३८,६३९.६५ |
| ३ | चालु | | ३३,७४,३८,५३७.५९ | ० | ३३,७४,३८,५३७.५९ | ३४,२०,७७,४५९.४८ | ० | ३४,२०,७७,४५९.४८ |
| २१००० | पारिश्रमिक / सुविधा | | २३,८४,६८,२५७.०२ | ० | २३,८४,६८,२५७.०२ | २३,५१,८९,११३.०५ | ० | २३,५१,८९,११३.०५ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | ९,७३,३२,५८०.५७ | ० | ९,७३,३२,५८०.५७ | १०,५८,७८,८४६.४३ | ० | १०,५८,७८,८४६.४३ |
| २५००० | सहायता (Subsidy) | | ३,२६,७००.०० | ० | ३,२६,७००.०० | ६,००,०००.०० | ० | ६,००,०००.०० |
| २८००० | अन्य खर्च | | १३,११,०००.०० | ० | १३,११,०००.०० | ४,०९,५००.०० | ० | ४,०९,५००.०० |
| ४ | पूंजीगत | | २१,०२,९८,९५०.७१ | ० | २१,०२,९८,९५०.७१ | १९,८७,६८,९०८.५० | ० | १९,८७,६८,९०८.५० |
| ३१११० | भवन तथासंरचना | | ० | ० | ० | ७,९३,६५६.०० | ० | ७,९३,६५६.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३१,५३,७७४.०० | ० | ३१,५३,७७४.०० | ३२,३४,८८२.०० | ० | ३२,३४,८८२.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ५९,०९,८४०.७१ | ० | ५९,०९,८४०.७१ | ० | ० | ० |
| ३११५० | सार्वजनिकनिर्माण | | १५,००,१६,९४०.०० | ० | १५,००,१६,९४०.०० | १७,१०,४०,८८२.०० | ० | १७,१०,४०,८८२.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | | ५,१२,१८,३९६.०० | ० | ५,१२,१८,३९६.०० | २,३६,९९,४८८.५० | ० | २,३६,९९,४८८.५० |
| ख) | कुल जम्माभुक्तानी | | ५४,७७,३७,४८८.३० | | ५४,७७,३७,४८८.३० | ५४,०८,४६,३६७.९८ | | ५४,०८,४६,३६७.९८ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ३,६७,०६,७५८.३० | | ३,६७,०६,७५८.३० | (३,०६,०७,७२८.३३) | | (३,०६,०७,७२८.३३) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १,२४,८४,३१८.७५ | | १,२४,८४,३१८.७५ | ४३,१२,८३३.२४ | | ४३,१२,८३३.२४ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | (४,३७,८९६.००) | | (४,३७,८९६.००) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ४,९१,९१,०७७.०५ | | ४,९१,९१,०७७.०५ | (२,६२,९४,८९५.०९) | | (२,६२,९४,८९५.०९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | २,४८,९६,२८७.३७ | | २,४८,९६,२८७.३७ | ५,११,३०,९८२.४६ | | ५,११,३०,९८२.४६ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ७,४०,८७,३६४.४२ | | ७,४०,८७,३६४.४२ | २,४८,३६,०८७.३७ | | २,४८,३६,०८७.३७ |

## बेरूजु दफा ५४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| **गो .भौ.नं.** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ३/२०८१/०६/०७ | अंकित एण्ड आर्या ईन्टरप्राईजेज कोल्हवी | ईलेक्ट्रिकल सामाग्रि | ११९०८१.० |
| २८/२०८१/०६/२० | जनमुखि सेवा नेपाल | लागुऔषध सम्बन्धि जनचेतना कार्यक्रम | ११८८८०.० |
| २९/२०८१/०६/२० | केयर मधेश ट्रेनिङ सेन्टर प्रा लि | साईबर अपराध तथा जनचेतनामुलक कार्यक्रम | २९७११०.० |
| १८/२०८१/०६/०१६ | दुर्गा पुजा मेला समिति | दुर्गा पुजा मेला | १०००००.० |
| ३४/२०८१/०६/२२ | निहारिका ट्रेडिङ कलैया | टायर खरिद | १०५०९०.० |
| ३८/२०८१/०७/०५ | शर्मा इलेक्ट्रोनिक्स | ईलेक्ट्रिकल तथा आई.टि सामाग्रि | १७५२७८.० |
| ३९/२०८१/०७/०५ | तिज कार्यक्रम उ.स. कोल्हवी न.पा. १ | तिज कार्यक्रम | ९९९९०.० |
| ६४/२०८१/०७/३० | कालि माता पुजा समिति कोल्हवी | कालि माता पुजा | १५००००.० |
| ७७/२०८१/०८/११ | समृद्ध क्लब नेपाल | फुटबल प्रतियोगिता | १०००००.० |
| ७८/२०८१/०८/११ | श्री प्रगतिशिल युवा क्लब | फुटबल प्रतियोगिता | १५००००.० |
| ९५/२०८१/०९/०४ | ज्ञानु फाउन्डेशन | कोल्हवी मेयर क्लब प्रतियोगिता | ३०००००.० |
| २८२/२०८२/०१/१५ | श्री ने.रा.मा.वि व्यवस्थापन समिति | श्री ने.रा.मा.वि व्यवस्थापन | ३८४५९३.० |
| ३३७/२०८२/०२/३० | भलिबल प्रतियोगिता संचालन समिति | भलिबल प्रतियोगिता | ११५०००.० |
| ३७२/२०८२/०३/१६ | वडा सचिव श्याम कुमार चौधरी | विविध खर्च | ३६६७०.० |
| ३७३/२०८२/०३/१६ | वडा सचिव भगल चौधरी | विविध खर्च | ३११८५.० |
| ४५६/२०८२/०२/२५ | शान्ति मेडिया प्रा लि | विज्ञापन प्रकाशन | १८९१६२ |
| ४४३/२०८२/०३/२४ | शुभकामना आयल स्टोर | ईन्धन | ९३६६२४.० |
| ४७०/२०८२/०३/२५ | शुभकामना आयल स्टोर | ईन्धन | २८७०००.० |
| **जम्मा** | | | **३८५५७४३.** |

# बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -५

| गो भौ नं/मिति | कार्य विवरण | निर्माण व्यवसायी/आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ५६/२०८१/०७/१३ | वडा नं ११ वडा कार्यालय निर्माण | श्री सोनु इंजिनियरिङ कन्स्ट्रक्सन | ५४०५६०.० |
| ९९/०८१-०९-७ | सब ग्रेड कार्य | जय बाबा गणिनाथ कन्स्ट्रक्शन | ७९५८९९.० |
| १०४/२०८१/०९/०८ | जमुनि पार्क कम्पाउन्ड वाल निर्माण कार्य | सीता कन्स्ट्रक्सन | ९७३६८०.० |
| १०२/२०८१/०९/०८ | विष्णुपुर टोल सडक ढलान | सिम्रन कन्स्ट्रक्सन | ४७७४२६.० |
| १४०/२०८१/१०/०८ | माटो पुरी ग्राभेल | सिम्रन कन्स्ट्रक्सन | ४७६३७९.० |
| १५६/२०८१/१०/१५ | पाईप कल्भर्ट मर्मत | मनिता कन्स्ट्रक्सन | ४२७५४८.० |
| १७८/२०८१/११/०१ | पोल तार खरिद तथा जडान १६ वटा पोल बार्ड नं ५ | रोशन कन्स्ट्रक्सन | ४६८०१९.० |
| २१३/२०८१/११/२६ | पोल तार खरिद तथा जडान १३ वटा पोल बार्ड नं ३ | रोशन कन्स्ट्रक्सन | ३७८३२५.० |
| ३४९/२०८२/०३/०५ | विद्युत जडान तार र पोल ५ वटा पोल बार्ड नं ९ | राजेन्द्र कन्स्ट्रक्सन<br>9 m pole Psc | १८५७९२.० |
| ४२४/२०८२/०३/२२ | विद्युत पोल तार विस्तार वडा भरी २३ वटा पोल बार्ड नं ९ | शुभलक्ष्मी निर्माण सेवा<br>9 m pole Psc | ६५१८१८.० |
| ४२८/२०८२/०३/२२ | ब्रिक मेशिनरी नाला निर्माण | भगवति माई कन्स्ट्रक्सन | ७५०२१५ |
| ४४७/२०८२/०३/२४ | ट्रान्सफर्मर पोल तार जडान कार्य वडा नं २ | शलेश बाबा कन्स्ट्रक्सन | ९६०७४२.० |
| **जम्मा** | | | **७०८६४०३.** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।